राजश्व सुधार कार्ययोजना
२०७९

केराबारी गाउँपालिका, मोरङ

बिषयसूची

परिच्छेद – एक : परिचय ६

१.१ प्रतिवेदनको बारेमा ६

१.२ राजस्व सुधार योजनाको औचित्य ६

१.३ कार्यक्रमको उद्देश्य ७

१.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया ७

१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ८

१.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास ८

१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम ८

१.४.४ तथ्यांक/सूचना संकलन १०

१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी ११

१.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश ११

१.४.७ अन्तिम कार्यशाला गोष्ठीको आयोजना ११

१.४.८ प्रतिवेदनको अन्तिम रुप १२

१.५. अध्ययनको सीमा १२

परिच्छेद –दुई : गाउँपालिकाको संक्षिप्त परिचय १३

नामकरण १५

राजनैतिक तथा प्रशासनिक विभाजन १५

भौगोलिक अवस्था/उपयोग तथा क्षेत्रफल १६

घरको स्वामित्व र किसिम १७

गाउँपालिकाका अवसर, चुनौति र समस्याहरू १८

परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता २२

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था २२
(क) गाँउपालिका वा गाउँपालिकाको एकल अधिकारः २२
(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) २४
३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था २६
३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २८
३.३.१ कर राजस्व २८
३.३.२ गैरकर राजस्व ३६
परिच्छेद – चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ४१
४.१ राजस्व परिचालन सम्बन्धी नीति ४१
४.२ विगतको आय परिचालनको अवस्था ४२
४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ४५
४.४. राजस्व परिचालनमा रहेका सवालहरू ४७
क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण ४७
ख. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि ४७
ग. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार ४७
घ. तथ्याङ्कमा आधारित अभिलेख ४७
ङ. समन्वय संयन्त्र ४७
च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता ४८
परिच्छेद – पाँचः राजस्व सुधार कार्ययोजना ४८
५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ४८
क)राजस्व सुधार कार्य योजना ४८
ख. कर राजस्व सुधार योजना ५०

ग. गैरकर राजस्व सुधार योजना ५१

घ. राजस्व प्रशासन सुधार योजना ५३

परिच्छेद – छ : आगामी तीन वर्षको आय प्रक्षेपण ५५

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ५५

परिच्छेद – सातः निश्कर्ष तथा सुझाव ५९

७.१ निश्कर्ष तथा सुझाव ५९

तालिकाको सूची

तालिका १: तथ्यांक सुचना संकलन कार्यदल १०
तालिका २: जनसंख्याको विवरण १६
तालिका ३: घरको स्वामित्व र किसिम १७
तालिका ४: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २६
तालिका ५: भूमीकर लगाउनयोग्य जग्गा ३०
तालिका ६: घरजग्गा वहालमा लिएको ३२
तालिका ७: व्यवसायका प्रकार र राख्न सकिने कर दर ३३
तालिका ८: राजस्व परिचालन सम्बन्धी नीति ४१
तालिका ९: गाउँपालिकाको आय वृद्धिदर ४३
तालिका १०: स्थानीय कर जम्मा आन्तरिक आय ४५
तालिका ११: राजस्व सुधार कार्य योजना ४८
तालिका १२: राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ५५
तालिका १३: प्रक्षेपित आय ५९

परिच्छेद – एक : परिचय

१.१ प्रतिवेदनको बारेमा

यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) प्रतिवेदन प्रदेश नम्बर १ अन्तर्गत मोरङ्ग जिल्लाको केराबारी गाउँपालिकाको लागि तयार गरिएको हो । यो प्रतिवेदनमा केराबारी गाउँपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान तथा सो को आधारमा आगामी ३ आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा सो को अनुगमनका लागि आधार दिनेछ । राजस्व प्रक्षेपणले गाउँपालिकाको आगामी बर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने छ । यस प्रतिवेदनमा निम्न विषयवस्तुलाई समेटिएको छ

- राजस्व सुधार कार्ययोजनाको औचित्य, उद्देश्य तथा तयारी विधि
- गाउँपालिकाको संक्षिप्त परिचय
- स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
- आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
- राजस्व सुधार कार्ययोजना
- आगामी ३ वर्षको आय प्रक्षेपण
- निष्कर्ष तथा सुझाव

राजस्व सुधार कार्ययोजना तर्जुमा कार्य केराबारी गाउँपालिकाले आवश्यकता महसुस गरे बमोजिम ओपन मिडिया प्रा.लि ले प्राविधिक सहयोग उपलब्ध गराएको थियो । अध्ययनका क्रममा गाउँपालिकाले राजस्व सम्बन्धी स्थलगत सूचना संकलन तथा कार्यशाला गोष्ठीहरूको आयोजना गरेको थियो ।

१.२ राजस्व सुधार योजनाको औचित्य

नेपालको मूल राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था संविधानले गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व वाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्नसक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रहि आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ । संवैधानिक अधिकार भित्र रहि स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा गाउँपालिकालाई आन्तरिक आय

परिचालन गर्नसक्ने उल्लेख अधिकार दिएको भए तापनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेको छैन, जसको मुख्य कारणमा स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमि हुनु रहेको छ । राजस्व प्रकृयामा सुधारका लागि केराबारी गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्न गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । कार्यक्रमले गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार हुनेछ ।

१.३ कार्यक्रमको उद्देश्य

केराबारी गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरू न्यूनिकरण गर्न कार्ययोजना तयारी तथा सो को आधारमा आगामी ३ वर्षको आय प्रेंक्षेपणमा गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको समग्र उद्देश्य हो । यस कार्यक्रमका सहायक उद्देश्यहरू देहाय अनुसार रहेका छन्:

- गाउँपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू, राजस्व परामर्श समिति, शाखा प्रमुखहरू, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरूको पहिचान गर्दै गाउँपालिकाले अपनाउनुपर्ने आय सुधार रणनीति सहितको राजस्व सुधार कार्य योजना तयार गर्ने ।

१.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया

उल्लेखित कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समूहले विभिन्न स्रोतहरूबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामाग्रीहरू अनुसूची १ मा दिईएको छ ।

१.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास

सन्दर्भ सामाग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाताहरूबाट तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फारम अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम

राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि ओपन मिडिया कन्सलटेन्सीबाट खटिएको परामर्शदाताको टोली २०७८ माघ ५ गते केराबारी गाउँपालिका पुगि गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँग प्रारम्भिक भेटघाट गरेको थियो, सो छलफलमा अर्को दिनको कार्यक्रमको ढाँचा र हासिल गर्न खोजिएको उपलब्धिहरूका बारेमा छलफल गरिएको थियो । गाउँपालिकाको राजस्व परिचालन सम्वन्धमा गाउँपालिकाका पदाधिकारीहरू, राजस्व परामर्श समिति, कर्मचारीहरू तथा अन्य सरोकारवाला पक्षहरूलाई अभिमुखीकरण गर्न तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न २०७८ माघ ५ र ६ गते दुई दिने अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । अभिमुखीकरण कार्यक्रमको उद्घाटन कार्यक्रमको अध्यक्षता गाउँपालिकाका अध्यक्ष श्री रोहित बहादुर कार्कीले गर्नुभएको थियो । भने कार्यक्रमको संचालन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री सुदर्शन दाहालले गर्नु भएको थियो ।

उद्घाटन कार्यक्रममा परामर्शदाता कम्पनीका तर्फबाट श्री देवी पाठकले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको आवश्यकता र उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । उद्घाटन कार्यक्रमको अन्त्यमा गाउँपालिकाका अध्यक्ष तथा कार्यक्रमका अध्यक्षले यस कार्यक्रमका कारण आगामी दिनमा गाउँपालिकाको राजस्व परिचालनमा प्रभावकारी उपायहरूको पहिचान हुने र हालसम्म आएका समस्या तथा अस्पष्टतामा स्पष्टता प्राप्त हुने विश्वास व्यक्त गर्नु भएको थियो । अन्त्यमा वहाँले कार्यक्रममा सकृयतापूर्वक भाग लिन सहभागीहरूलाई अनुरोध गर्दै कार्यक्रमले गाउँपालिकाको समग्र राजस्व सुधारमा योगदान दिने विश्वास ब्यक्त गर्नुभएको थियो ।

कार्यक्रमको उद्घाटन पश्चात् पहिलो दिनको कार्यक्रममा परामर्शदाताहरू पवन लोहनी तथा दामोदर गिरीले सहजीकरण गर्नु भएको थियो । गाउँपालिकाले हाल संकलन कुन कुन कर तथा गैर करका शीर्षकहरू अन्तर्गत आन्तरिक आय संकलन गरिरहेको छ भनी छलफल गर्दै टिपोट गरिएको थियो । तत्पश्चात् स्थानीय तहको राजस्व अधिकारका सैद्धान्तिक तथा कानुनी र प्रशासनिक पक्षहरूको प्रस्तुति र त्यसमाथि छलफल भएको थियो । गाउँपालिकाका आन्तरिक आयका मुख्य स्रोतहरू, तिनको सम्भाब्यता तथा हालको परिचालनको अवस्थावारे छलफल भई सुधार गर्नुपर्ने पक्षहरूमा समेत छलफल भएको थियो । अन्त्यमा राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन तयारीका लागि आवश्यक पर्ने सूचनाहरूको आवश्यकता र संकलन प्रकृयाका बारेमा प्रस्तुति तथा छलफल गरिएको थियो ।

कार्यक्रमको दोस्रो दिन पहिलो दिनको समीक्षा सहित शुभारम्भ भएको थियो । समीक्षाका क्रममा सहभागीहरूले पहिलो दिनको कार्यक्रमबाट प्राप्त गरेको ज्ञान, सिकाइ तथा अनुभवहरू व्यक्त गर्नुभएको थियो । दोस्रो दिनको कार्यक्रम गाउँपालिकाको राजस्व सुधारका उपायहरू खोजी गर्नेमा केन्द्रित भएकाले सहजकर्ताहरूद्वारा सहभागीहरूलाई केराबारी गाउँपालिकाको राजस्व सुधार गर्न के गर्नुपर्ला भनी सुझाव माग गरिएको थियो । सहभागीहरूबाट मेटाकार्ड मार्फत् संकलन गरिएको उक्त सुझावहरूको सारांश देहाय अनुसार रहेको छ :

- सम्पूर्ण व्यवसायीलाई करको दायरामा ल्याई व्यवसाय कर प्रभावकारी रुपमा संकलन गर्न सकिने प्रक्रिया मिलाउने
- कर प्रशासनमा सूचना प्रविधिको प्रयोग गर्ने
- राजस्व संकलन अनुगमन गर्ने तथा खर्चको पारदर्शितामा ध्यान दिने
- ई रिक्सा/अटो रिक्सालाई गाउँपालिका मै दर्ता/नवीकरण गराउने
- तथ्याङ्कलाई अध्यावधिक राखी संकलन प्रणलीलाई व्यवस्थित गर्ने
- वैज्ञानिक कर प्रणाली र राजस्व प्रशासनको सुधार
- करको दायरा वृद्धि गरी सवै करदातालाई कर तिर्न लगाउने वातारण तयार गर्ने
- राजस्व चुहावट नियन्त्रण कार्य प्रभावकारी बनाउने
- कर दातालाई कर तिर्न उत्प्रेरणा बढाउने
- करको दायरा बढाउनुलाई करका दर न्यून कायम गर्ने

कार्ययोजनाको तथ्यांक तथा अन्य प्राविधिक पक्षहरूलाई समेटी संचालन गरिएको कार्यक्रममा सहभागीहरूलाई निम्न चार समूहमा विभाजन गरी राजस्व सुधारका लागि गर्नुपर्ने क्रियाकलापहरू पहिचान गरी कार्ययोजना बनाउन समूह कार्य गराइएको थियो:

समूह १ : राजस्वका शीर्षकगत दर, दायरा तथा प्रक्षेपण

समूह २ : कर राजस्व सुधार योजना

समूह ३ : गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत)

समुह ४ : राजस्व प्रशासन (आयको लगत अभिलेख तथा संकलन, संगठन र समन्वय)

समूहलाई निष्कर्षमा पुग्न सहजकर्ताहरूबाट आवश्यक सहयोग प्रदान गरिएको थियो । समूह नेताले समूह कार्यको निश्कर्ष प्रस्तुत गर्न लगाई सो माथि छलफल गरी सुझाव संकलन गरिएको थियो । समूह कार्यका लागि कार्ड, चार्टलाई उपयोगमा ल्याइएको थियो ।

समूह कार्यको प्रस्तुति तथा छलफल पश्चात् गाउँपालिकाको राजस्व सुधार कार्य योजना तर्जुमा तथा आगामी आ.व.हरूका लागि राजस्व प्रक्षेपणका लागि आवश्यक तथ्यांक तथा सूचना संकलनका लागि देहायबमोजिमको कार्यदल गठन गरियो :

तालिका १: तथ्यांक सुचना संकलन कार्यदल

क्र.सं	नाम, पद	जिम्मेवारी
१	सुर्दशन दाहाल (प्र.प्र.अ)	संयोजक
२	चन्द्र बा. बस्नेत (सहायक पाँचौ)	सदस्य
३	दिनेश बुढाथोकी (लेखापाल)	सदस्य
४	आरती धिताल (राजश्व शाखा)	सदस्य
५	जंग राज खवास (१० न. वडा अध्यक्ष)	सदस्य

परामर्शदाताको प्रत्यक्ष सहयोग र समन्वयमा आवश्यक सूचना तथा तथ्यांक संकलन गर्नु यस कार्यदलको प्रमुख जिम्मेवारी रहेको थियो ।

कार्यक्रममा गाउँपालिकाका गाउँ प्रमुख श्री सुमन मिरिङचिङ मगरले कार्यक्रम अन्त्यन्त लाभदायी भएको जानकारी गराउँदै निम्न कुराहरू राख्नु भएको थियो :

- गाउँपालिकाले राजस्व सुधार कार्ययोजनाको आवश्यकता महसुस गरी सम्बन्धित दातृ निकायसंग आवश्यक सहयोगका लागि निरन्तर छलफल पछि यो कार्यक्रम संचालन भएको
- गाउँपालिकाको प्रमुख ध्येय नै गाउँलाई समृद्ध बनाई आत्मनिर्भर बनाउनु रहेको
- गाउँको आत्मनिर्भरताका लागि आफ्नौ स्रोतबाट आय संकलन गरी आन्तरिक आयलाई सुदृढ बनाउनुपर्ने
- जनतालाई संकलित आयको उच्चतम उपयोग हने कुरामा विश्वास दिलाई कर तिर्न उत्प्रेरित गर्ने
- प्रभावकारी राजस्व परिचालनका लागि गाउँपालिकाका सम्पूर्ण सरकोरवालाहरूलाई साथमा लिएर अगाडि बढ्ने
- राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनले गाउँपालिकाको आय परिचालनमा सहयोग गर्ने ।

अन्त्यमा यस कार्यक्रममा सहयोग पुऱ्याउनुहुने सम्पूर्णलाई धन्यवाद दिंदै कार्यक्रम समापन गर्नु भएको थियो । पहिलो चरणको दुईदिने कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण यस कार्य योजनाको अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

१.४.४ तथ्यांक/सूचना संकलन

अध्ययनका क्रममा परामर्शदाताद्वारा गाउँपालिकाका विभिन्न शाखाहरू, सरोकारवाला पक्षहरू, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । यसका अलावा तथ्यांक संकलनका लागि गठित कार्यदलले आवश्यक तथ्यांकहरू संकलन गरी उपलब्ध गराएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरियो :

- राजस्व प्रशासनिक ब्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- गत वर्ष तथा चालु वर्षको हाल सम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट

- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना

१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ। यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो।

१.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश

मस्यौदा प्रतिवेदन कार्यक्रमका मुख्य सरोकारपक्षहरू गाउँपालिका लगायत सहयोगी निकाय समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको छ।

तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी

१.४.७ अन्तिम कार्यशाला गोष्ठीको आयोजना

गाउँपालिकाको आयोजनामा २०७८ साल चैत्र मा "राजस्व सुधार कार्ययोजना तर्जुमा" मस्यौदा प्रतिवेदन प्रस्तुति तथा सुझाव संकलनका लागि एक दिने कार्यशाला संचालन गरिएको थियो । गाउँपालिकाका गाउँ प्रमुख श्री राजेन्द्र कुमार पोखरलेलको अध्यक्षतामा कार्यक्रम संचालन भएको थियो । गाउँपालिकाका पदाधिकारीहरू, कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधि लगायत जम्मा १४ जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रमको संचालन गाउँपालिकाका कर्मचारी श्री लक्ष्मी अधिकारीले गर्नुभएको थियो । कार्यक्रममा प्राविधिक टोलीको तर्फबाट श्री पवन लोहनी तथा दामोदर गिरीले शीर्षकगत रुपमा मस्यौदा प्रतिवेदनका मुख्य विषयवस्तुहरू प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतिका विषयवस्तुहरू उपर विस्तृत रुपमा छलफल भएको थियो र सहभागीहरूबाट प्राप्त सुझावहरू संकलन गरिएको थियो । कार्यक्रमका अध्यक्ष श्री रोहित कार्कीले कार्यक्रमको समय र विषयवस्तु अत्यन्त सान्दर्भिक भएको र यसले राजस्वको धेरै पक्षहरूमा स्पष्टता ल्याएको जानकारी दिनु भएको थियो । अन्त्यमा राजस्व सुधार कार्ययोजनाले समेटेका क्रियाकलापहरू कार्यान्वयन गरी गाउँको राजस्व सुदृढीकरण गर्न गाउँपालिका लागी पर्ने कुरा व्यक्त गर्दै कार्यक्रम सम्पन्न गर्नुभएको थियो । कार्यक्रममा सहभागिहरूको नामावली अनुसूची ४ मा दिइएको छ ।

१.४.८ प्रतिवेदनको अन्तिम रुप

कार्यक्रमका मुख्य सरोकारपक्षहरूले मस्यौदा प्रतिवेदन अध्ययन गरी सुझाव तथा सल्लाहरू प्रदान गर्नुभएको थियो । त्यसैगरी मस्यौदा प्रस्तुति तथा छलफल कार्यक्रमबाट पनि विभिन्न सुझाव तथा सल्लाहरू प्राप्त भएको थियो । यसरी प्राप्त सार्न्दभिक सुझाव तथा सल्लाहहरूलाई प्रतिवेदनमा समावेश गरी यो अन्तिम अध्ययन प्रतिवेदन तयार गरिएको हो ।

अन्तिम कार्यशाला गोष्ठीको आयोजना

१.५. अध्ययनको सीमा

- गाउँपालिकाको राजस्व सुधार कार्य योजना क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन्:
- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन

- तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसंग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनवाट संकलन गरिएको छ । तथ्यांक संकलनकोलागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।
- संघीय तथा प्रदेश सरकारसंग प्राकृतिक स्रोत तथा पर्यटन शुल्कबाट प्राप्त हुने राजस्वको बाँडफाँडको व्यवस्था नभएकोले यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । सो विषयमा स्पष्टता भए पश्चात्यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।
- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविश्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

परिच्छेद –दुई : गाउँपालिकाको संक्षिप्त परिचय

केराबारी गाउँपालिकाको परिचय ऐतिहासिक पृष्ठभूमि वर्तमान नेपालको प्रदेश नं. १ अन्तर्गत मोरङ जिल्लाको उत्तरपश्चिम भागमा पर्ने केराबारी जिल्लाको सबैभन्दा ठूलो क्षेत्रफल भएको गाउँपालिका हो । यस गाउँपालिकाको क्षेत्रफल २१९.८३ वर्ग कि.मि. छ । नेपाल सरकारलेगाउँ र गाउँपालिकाहरुको पुनसंरचना गर्दा केराबारी, याङशिला, पाटी र सिंहदेवी गाविसका सवै वडा तथा लेटाङ भोगटेनी न.पा. वडा नं. १ लाई समावेश गरी केराबारी गाउँपालिका निर्माण गरिएको हो । यस गाउँपालिकाका हाल १० वटा वडाहरू कायम गरिएका छन्। यसकोकेन्द्र भने केराबारी वडा नं. १० मा कायम छ । यस गाउँपालिकाका वडा नं. ६, ७, ८, ९ र १० का केही भागमात्र समतल भूभागमा पर्दछन् । यस गाउँपालिकाकोअधिकांश भूभाग तथा ६ वटा वडाहरू पहाडी भूभागमा अवस्थित छन्।

केराबारी गा.पामा विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेको छ । यहाँका मानिसहरू कृषि,पशुपालन, व्यापारव्यावसाय, ससाना घरेलु उद्योग र नोकरी

एवम् वैदेशिक रोजगारीमा समेत संलग्न रहेका छन् । यहाँ विभिन्न सामाजिक संघसंस्था, बैंक तथा वित्तिय संस्था, बचत तथा ऋण सहकारी संस्था, वन उपभोक्ता समितिहरू तथा विभिन्न पेशागत संगठन र समूहहरू छन् । यस गाउँपालिकामा एउटा क्याम्पस, ९ वटा माध्यमिक विद्यालय, ४ वटा नि.मा.वि. र २५ वटा प्राथमिक विद्यालयहरू छन्। मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट यस गाउँपालिकाको केन्द्र ४६ कि.मि. उत्तरपूर्वतिर पर्दछ । यो गाउँपालिका पूर्व पश्चिम राजमार्ग भन्दा करिव ५ कि.मि. उत्तरबाट प्रारम्भ भई मोरङ पहाडको उत्तरपश्चिम सवै भाग समावेश छ । यसको उत्तरी सिमाना भने धनकुटा जिल्लामा रहेको छ । यस गाउँपालिकाको उत्तरतिर वडा नं. २ मा जेफाले डाँडा, वडा नं. १ मा ध्वजेडाँडा, वडा नं. ४ मा सप्तकन्या गुफा र वडा नं. १ मा महादेव पार्वती गुफा पर्दछन् । यसको अधिकांश भूभाग वनजंगल, खोलानाला र डाँडाकाँडाले ढाकिएको हुँदा प्राकृतिक स्रोतका दृष्टिले यो गाउँपालिका निकै सम्पन्न छ ।

ऐतिहासिक दृष्टिले केराबारी भेगको महत्व निकै धेरै रहेको छ । अघि केराबारी गाउँपालिका क्षेत्रको ठूलो भूभागलाई घना जंगलले ढाकेको देखिन्छ । यहाँका पहाडी, कछाड र खोलाका किनारी भागमा केही जातजातिका मानिसहरूका ससाना वस्तिहरू थिए । तत्काल घना जंगलका कारण मानिसले खोला या नदीको किनारी भागमा तथा पहाडको फेदीमा बस्न आवश्यक थियो । केराबारी गाउँपालिका भेगमा बेलाबेलामा पाइने पुराना बसोबासका अवशेषहरूले यसै कुराको संकेत गरेका छन्। केराबारी नाम आफैं पनि ऐतिहासिक छ । यसको नामकरण केराको बारी या केरा पाइने स्थानका रूपमा रहेको छ । इसापूर्व कालतिर यस गाउँपालिकाबाट उत्तरामहापथ्या गएको थियो । उत्तरामहापथ्या भारतको पूर्वी भागबाट पश्चिम एशिया र यूरोपतिर जाने व्यापारिक मार्ग थियो । चीनतर्फ सिल्क रोड चलनचल्तिमा रहेसरह नै यस भेगबाट यस्तो बाटो गएको हुनाले प्राचीन कालतिर व्यापारी र तीर्थयात्रीहरू हालको केराबारी हुँदै कछाडको बाटो हिंडेर पूर्वपश्चिमतिर जानेआउने गर्दथे । अघि इसाको सातौं शताब्दीतिर भारतको आसामबाट मत्स्येन्द्रनाथलाई यही बाटो हुँदै काठमाडौं उपत्यका लगिएको अनुमान छ । तिनलाई उपत्यका लैजाने बन्धुदत्त नामका तान्त्रिकले मत्स्येन्द्रनाथलाई यहीं एक रात वास बसाएका थिए भनिन्छ । तसर्थ केराबारी भेगका विभिन्न गतिविधिमा मत्स्येन्द्रनाथको नाम जोडिने गर्दछ । केराबारीको दक्षिणी भाग तराई र भावर या कछाडमा पर्दछ । अघि कच्छदेश यही ठूलो भूभागमा फैलिएको थियो भन्ने कुरा इतिहासमा पाइन्छ । यसको दक्षिणतिर भने पुण्ड्रबर्धन थियो । यसैगरी विराटको राज्य पनि यही केराबारी भेगसम्म या मोरङ पहाडसम्म फैलिएको थियो । मत्स्य देशको पतन भएपछि भने यहाँ पुण्ड्रले अधिपत्य जमाउन पुग्यो । किचकको किरात देश पनि इसापूर्व कालतिर केराबारीको सिमावर्ती राज्य थियो भन्ने अनुमान छ । पछि यस भेगमा विभिन्न अनेकन रजौटाहरुले अधिन जमाए । तसर्थ इसाको सुरूवात भएपछि भने यस भेगको इतिहास लामो समयसम्म अज्ञात रह्यो ।

मध्यकालताका केराबारी भेगमा बेलाबेलामा मानिसहरूको बस्ति बस्ने र नासिने क्रम चलिरह्यो। यसै क्रममा यो स्थान कुनै बेला विभिन्न राज्यको अधीनमा पर्ने र स्वतन्त्र हुने भयो । मध्यकालताका मुरेहांगले मोरङमा अधिपत्य जमाउँदा केराबारी भेग पनि उनैको अधीनमा थियो भन्ने देखिन्छ । पछि विजयनारायणले यसलाई विजयपुर राज्यमा पारे भने पछि यो भेग विभिन्न राजा र रजौटाका अधीनमा पर्ने र तिनबाट छुट्कारा पाउने क्रममा नै यस भेगमा विजयनारायण पछि पाल्पाली सेनराजा लोहांगसेनले कब्जा गरे । पाल्पाली सेन राजाहरूको अधीनमा परेको केराबारी लगायतको मोरङ राज्यको

भूभाग सेनराज्य विभाजन हुँदा मकवानपुरतिर पर्न पुग्यो । मकवानपुर तर्फको शासनाधिकार भने लोहांगसेनले पाए । तर यिनी मकवानपुरमा बसेर यस भेगको पनि शासन गर्दथे । अझ पछि भने मकवानपुरे सेन राजा हरिहरसेनका नाति विधाता इन्द्रसेनले मकवानपुरबाट विजयपुरलाई अलग्ग राज्य बनाएको हुँदा केराबारी लगायतको स्थान विजयपुरको अभिन्न अंग बन्न पुग्यो । सेन कालभन्दा अघिनै कसेनीको धनपालगढीलाई किल्ला बनाएर एकजना स्थानीय रजौटाले शासन चलाएका थिए । तिनको राजधानी र दरबारका अवशेषहरू अहिले पनि कसेनीमा रहेका छन् । यसलाई स्थानीय मानिसहरूले संरक्षण गरेर राखेका छन्, जसलाई धनपालगढीका नामले जान्ने गरिन्छ । सम्भवत धनपालको उत्तरी सिमाना ध्वजे र जेफाले डाँडा थिए भनेकेराबारी भेग पनि धनपालको अधीनमा रहेको अनुमान गर्न सकिन्छ ।

वि.सं. १८३१ सालमा विजयपुर बृहत्तर नेपालमा गाभिएपछि भने केराबारी लगायतको विजयपुर भेग पनि बृहत्तर नेपालभित्र पर्न पुग्यो । त्यसपछि केही समयसम्म साँगुरीगढीबाट यस भेगको शासन चल्यो । पछि मोरङको सदरमुकाम रंगेली सारियो र यताको शासन रंगेली सदरमुकामबाट चलाउन लागियो । यता वि.सं. १९७१ साल पछि भने मोरङको राजधानी विराटनगरमा सऱ्यो र केराबारी विराटनगरदेखि केही टाढा पर्न पुग्यो । तर पनि केराबारी लगायतको यस भेगलाई ऐतिहासिक कालमा मोरङको एक महत्वपूर्ण भागका रूपमा लिने गरिएको पाइन्छ ।

नामकरण

केराबारीको नामाकरणका बारेमा अनेक प्रकारका तर्कहरू पाइन्छन् । तर पनि हालको केराबारी भेगमा अघि अठिया केराको घारी थियो । तसर्थ यसलाई केराबारी भन्ने गरिएको हो । यसको दक्षिणतिरका विभिन्न भागमा पनि अठिया केरा प्रशस्तै पाइन्थ्यो । तर पनि यस भेगमा भने केराको जंगलनै रहेको हुनाले यसलाई केराबारी भनिएको मान्यता छ । अघि केराबारी बेग्लै गाउँ र एउटा गाविस पनि थियो । पछि गएर याङशिला, सिंहदेवी, पाटी, लेटांग भोगटेनीको केही भाग र केराबारी समेतलाई मिलाएर बेग्लै केराबारी गाउँपालिका गठन गरिएको हो । यसरी केराबारी मोरङको उत्तरपश्चिमी भागमा रहेको सवैभन्दा ठूलो गाउँपालिका बन्न पुग्यो । यसको अवस्थिति यस जिल्लाको चारकोशे झाडीको उत्तरतिर मात्र रह्यो ।

राजनैतिक तथा प्रशासनिक विभाजन

पाटी गा.वि.स. वडा नं. १-९	केराबारी गापा वडा नं. १
सिंहदेवी गा.वि.स वडा नं १-९	केराबारी गापा वडा नं. २
लेटाङभोगटेनी न.पा.१ र केराबारी वडा नं. ४	केराबारी गापा वडा नं. ३
याङशिला गा.वि.स.१-४, ६, ७	केराबारी गापा वडा नं. ४
याङशिला गा.वि.स. वडा नं. ५ र ८	केराबारी गापा वडा नं. ५
याङशिला गा.वि.स. वडा नं ९ र केराबारी ७	केराबारी गापा वडा नं. ६
केराबारी गा.वि.स. वडा नं. ६ र ८	केराबारी गापा वडा नं. ७
केराबारी गा.वि.स. वडा नं. २ र ५	केराबारी गापा वडा नं. ८
केराबारी गा.वि.स. वडा नं. ९	केराबारी गापा वडा नं. ९
केराबारी गा.वि.स. वडा नं. १ र ३	केराबारी गापा वडा नं. १०

भौगोलिक अवस्था/उपयोग तथा क्षेत्रफल

भौगोलिक अवस्था	धेरै पहाड र थोरै तराइ
क्षेत्रफल:	२१९.८३ वर्ग कि.मी.
कृषियोग्य जमिन	९८४८ हेक्टर
कृषि क्षेत्र:	६५ प्रतिशत
गैरकृषि क्षेत्र:	३५ प्रतिशत
सहकारी संस्थाका सदस्य	२८७५ जना
समुद्र सतहदेखिको उचाई	७५ देखि २४१० मिटर
तापक्रम	१२ देखि ३८ डिग्र
औसत वर्षा	१२५० मिलिमिटर
जनसंख्या २०६८ साल	२०७३ साल
घरपरिवार संख्या	७०२०
३०९०८	३१३५१
३०९०८	३१३५१
महिला: १६७६५	१६९९४
पुरूष: १४१४३	१४३५७
४ वर्षभन्दा कमकोसंख्या	२६५७ जना
आदिवासी जनजाति	१९०४३ जना
दलित	३४१४
मधेशी पिछडावग	१७२
अन्यजातजाति	४७८
ब्राह्मण क्षेत्री	७८०१
जनसंख्या बृदिदर	०.२५ प्रतिशत

जनसंख्याको विवरण

जनसंख्याको विवरण मोरङको केराबारी गाउँपालिकाको कूल जनसंख्या वि.सं. २०६८ सालको जनगणना अनुसार ३०९०८ जना रहेको छ, जसमा महिला १६७६५ जना र पुरूष १४१४३ जना छन् । वि.सं. २०७३ सालमा यहाँको जनसंख्या ३१३५१ जना पुगेको अनुमान छ, जसमा महिला १६९९४ जना र पुरूष १४३५७ पर्दछन् । वि.सं. २०६८ सालपछि पनि यस गाउँपालिकाको जनसंख्या खासै बृद्धि भएको देखिंदैन । यस गाउँपालिकाको दक्षिणी भागमा जनसंख्या ज्यादा बढेको देखिन्छ । यसलाई तलको तालिकामा पनि दिइएको छ ।

तालिका २: जनसंख्याको विवरण

वडा नं.	परिवार मूलिको संख्या	घर परिवार संख्या	औषत परिवार सदस्य संख्या

	पुरूष	महिला	जम्मा		
१	३१४	१६४	४७८	४७८	४.६
२	३७०	१९६	५६६	५६६	४.४
३	३८२	२८१	६६३	६६३	४.५
४	३११	११९	४३०	४३०	४.५
५	४८५	२८४	७६९	७६९	४.५
६	५०४	२७६	७८०	७८०	५.०
७	५३०	२७८	८०८	८०८	४.५
८	४५५	२६४	७१९	७१९	४.१
९	६६२	४५७	१११९	१११९	४.३
१०	३८९	२९९	६८८	६८८	३.९
जम्मा	४४०२	२६१८	७०२०	७०२०	४.४

श्रोत: जनगणना २०६८ को प्रतिवेदन ।

माथिको तालिकामा दिइएको लिंग अनुसारको घरमूलिको विवरणमा सवैभन्दा ज्यादा महिला घरमूलि भएको वडा नं. ९ हो, जहाँ जम्मा ४५७ जना महिलाहरू घरमूलि रहेका देखिन्छन् । सामान्य तया आदिवासि जनजातिको वसोबास भएका वडाहरूमा महिला घरमूलिको संख्या ज्यादा रहने गरेको देखिन्छ ।

घरको स्वामित्व र किसिम

घरायसी विवरण घरपरिवारसँग सम्बन्धित हुने गर्दछ । सुविधासम्पन्न घरमा बस्ने मानिस स्वाथ्यका दृष्टिकोणबाट केही स्वस्थ्यकर हुने गर्दछन् । अव्यवस्थित घरमा बस्नाले अनेक प्रकारका रोग व्याधिको सामना गर्नु पर्ने हुन्छ । जस्तो घरमा पशुहरू बाँध्ने र शौचालय निर्माण गर्ने ठाउँ निश्चित भएमा यसले पारिवारिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्दछ । मोरङको केराबारी गाउँपालिकामा मानिसहरूका घरहरू विभिन्न प्रकारका स्वामित्व भएका छन् । यहाँका कतिपय घरहरू आफ्ना नीजि छन् भने अन्य कतिपय भाडाका घर पनि छन् । यस गाउँपालिकामा संस्थाका र अन्य प्रकारका घर गरी जम्मा चार प्रकारका स्वामित्वमा रहेका घरहरू देखिन्छन् । यस गाउँपालिकामा सवैभन्दा ज्यादा घर आफ्नै स्वामित्वका छन् । तिनीहरूको संख्या ६४८७ छ । यता भाडाका, संस्थागत र अन्य प्रकारको स्वामित्वका घरहरूको संख्या भने कमिक रूपमा ३३७, ८ र १८७ वटा छन् । यसलाई तलको तालिकामा पनि दिइएको छ ।
तालिका नं. १ वडा अनुसार घर घरको स्वामित्व

तालिका ३: घरको स्वामित्व र किसिम

वडा नं.	निजी	भाडामा	संस्थागत	अन्य	जम्मा
१	४४०	१२	२	२४	४७८

२	५३७	२०	०	९	५६६
३	६२३	२६	१	१३	६६३
४	४१७	३	०	१०	४३०
५	७३५	१२	०	२२	७६९
६	७२९	३२	१	१८	७८०
७	७६१	११	०	३६	८०८
८	६३५	७३	३	८	७१९
९	१०५५	२५	१	३८	१११९
१०	५५५	१२३	०	१०	६८८
जम्मा	६४८७	३३७	८	१८८	७०२०
प्रतिशत	९२.४	४.८	०.१	२.७	१००.०

माथिको तालिकामा देखाइएअनुसार यस गाउँपालिकाका घरहरू निजी, भाडाका, संस्थागत र अन्य गरी जम्मा चार प्रकारका छन् । यिनमा निजी घर परिवारको संख्या सवैभन्दा धेरै ६४८७ वटा छन् भने सवैभन्दा कम घर संस्थागत ८ वटा छन् । यता भाडामा रहेका घरको संख्या भने ३३७ छन् । यस गाउँपालिकाका १८८ वटा घरचाहिं अन्य वर्गका छन् ।

गाउँपालिकाका अवसर, चुनौति र समस्याहरू

अवशरहरू:

मोरङको केराबारी गाउँपालिकाको धेरैजसो भूभाग पहाडी भागमा पर्दछ । यहाँ कृषि उत्पादन हुने जमिन कम भए पनि प्राकृतिक श्रोतका क्षेत्रमा यो क्षेत्र निकै सम्पन्न छ । एकातर्फ विकट पहाडी डाँडा र भीरका कारण विकास निर्माणका कार्यहरू गर्न कठीन छ भने अर्कातर्फ यस भेगमा प्राकृतिक सम्पदा प्रचुर भएकाले यहाँ विकासका सम्भावना पनि त्यत्तिकै छन् । यस गाउँपालिकाका मुख्यमुख्य अवशरहरू निम्नानुसारका छन् ।

- यो गाउँपालिकाको धेरै भूभाग पहाडी भागमा पर्दछ । यसको दक्षिणी भागको माटो उर्बर भए पनि यसको उत्तरी भागको माटो भने कम उत्पादनशिल छ । तसर्थ यसको दक्षिणी भागमा कृषि उत्पादनको राम्रो सम्भावना छ भने उत्तरतिर पशुपालन तथा नगदेबाली उत्पादनका लागि उत्तम मानिन्छ । तसर्थ यसका विभिन्न भागमा अन्नबाली, सागसब्जी र फलफूल उत्पादनको सम्भावना प्रचुर छ । यसले स्थानीय मागलाई पूरा गर्नेमात्र नभएर यहाँ उत्पादित सागशब्जी र अम्लिसो तथा अदुवा लगायतका नगदे बाली अन्य भेगतिर पनि निकासी गर्न सकिने सम्भावना छ ।
- केराबारी गाउँपालिकामा सिंचाईको सामान्य व्यवस्था छ । यसको दक्षिणी भागमा विभिन्न नहर र कूला छन् भने उत्तरी भागमा भने सिंचाईका लागि पानीको अभाव छ । यसको मध्य भागमा पनि खोलाहरूबाट कूलो बनाएर सिंचाईको सामान्य व्यवस्था मिलाइएको छ । तसर्थ यसको दक्षिणी भागमा अन्नबाली तथा उत्तरी भागमा भने जडिबूटी, अम्लिसो, अदूवा र अन्य प्रकारका नगदे बाली लगाउन उपयुक्त हुने गर्दछ ।

➢ यस गाउँपालिकामा ठूला राजमार्ग त छैनन् । तर पनि यस गाउँपालिकाका विभिन्न भागमा सडकका ट्र्याकहरू खोलिएका छन् । कतिपय सडकहरू ग्राभेल पनि गरिएका छन् । तसर्थ यहाँ उत्पादित वस्तु देशका विभिन्न भागमा पठान शरल छ । सिंहदेवी र जेफालेसम्म जानका लागि धनकुटाको डाँडाबजार हुँदै र यस जिल्लाकै विभिन्न भागबाट बाटाका ट्र्याक खुलेको हुनाले तिनीहरूलाई स्तरीय बनाएमा सालैभर यातायातका साधनहरू चल्न सक्ने सम्भावना छ । यसरी बाटाघाटाको निर्माण गरिनु यस गाउँको विकासका लागि अवशरका रूपमा रहेको छ ।

➢ केराबारी गाउँपालिका भित्र थुप्रै विद्यालयहरू छन् । यसभित्र एउटा कलेज र केही उमावि पनि छन् । तसर्थ शिक्षाका क्षेत्रमा यस गाउँपालिकाको अवशर निकै राम्रो छ । यता यहाँ खोलिएका बोर्डिंग स्कूलहरूले पनि यहाँको शिक्षाको विकासमा निकै ठूलो सहयोग गरेका छन् । यस गाउँपालिकाका मानिसहरूको साक्षरता दर निकै धेरै हुनुको मूल कारण पनि यही हो ।

➢ केराबारी गाउँपालिकामा केही पर्यटकीय सम्भावना बोकेका स्थानहरू पनि छन् । जस्तो यहाँको महादेव पार्वती गुफा, सप्तकन्या गुफा, जेफालेडाँडा र ध्वजेडाँडा महत्वपूर्ण पर्यटकीय क्षेत्रहरू हुन् । यस गाउँपालिका भित्र अन्य पर्यटकीय क्षेत्र पनि पहिचान हुँदै गएका छन् । यहाँका भीर, झरना, चट्टान र सामुदायिक वनहरूलाई पनि पर्यटन विकासका लागि सदुपयोग गर्न सकिने प्रचर सम्भावना छ । साथै यहाँ कृषि पर्यटन, शैक्षिक पर्यटन र पर्यावरणीय पर्यटनको विकास गर्न सकिने सम्भावना पनि छ । यस गाउँपालिकाका यी पर्यटकीय क्षेत्रको विकास र प्रचारप्रसार गरेर स्थानीय आदिवासीहरू बसोबास गर्ने गाउँहरूमा घरबास कार्यक्रम चलाउन सकिने सम्भावना छ । यता केराबारीको जंगललाई पार्क या सुन्दर बगैंचाका रूपमा विकास गर्न सकिन्छ । यहाँ जंगल सफारी लगायतको पर्यटनको विकास गर्न सकिने सम्भावना छ ।

यहाँ चर्चा गरिएका सवै विषयवस्तु केराबारी गाउँपालिकाका अवशरहरू हुन् । यसका साथमा यहाँ बसोबास गर्ने मानिसहरू मेहनती र विकासप्रेमि पनि छन् । यसलाई पनि यहाँको अवशरका रूपमा लिन सकिन्छ । यता यो गाउँपालिकाका छेउछाउमा धेरै जनसंख्या भएका गाउँहरू छन् । तसर्थ यहाँ उत्पादित कृषिजन्य र अन्य प्रकारका वस्तुहरू आसपासका धेरै जनसंख्या भएका गाउँपालिकातिर पठाउन र आयआर्जन गर्न सकिने कुरा यहाँको महत्वपूर्ण अवशरका रूपमा रहेको छ ।

चुनौतिः

मोरङको केराबारी गाउँपालिकामा विकास निर्माणका लागि अवशरमात्र नभएर थुप्रै चुनौतिहरू पनि रहेका छन् । यस गाउँपालिकाको उत्तरी भाग कृषि उत्पादनका दृष्टिले खासै महत्वपूर्ण छैन । साथै यस्तो पहाडी भागमा यातायातको विकास गर्न पनि कठीन छ । सिंचाईका लागि पानीको अभाव र कम उर्वर माटो हुनु यस गाउँपालिकाको कृषि उत्पादनका थप समस्याहरू हुन् । यहाँको विकास निर्माणको कार्य गर्दाका मुख्यमुख्य चुनौतिहरू निम्नानुसारका हुन सक्तछन् ।

➢ अव्यवस्थित बसोबासः यस गाउँपालिकाका विभिन्न भागमा अव्यवस्थित बसोबास हुँदै गएको छ । विशेषगरी यसको तल्लो केराबारी, सतिसाले र अन्य बजार क्षेत्रमा बसोबास व्यवस्थित छैन । यसैगरी पर्यटकीय क्षेत्रहरूमा पनि बसोबास अव्यवस्थित बन्दै गएको छ । तसर्थ यसलाई व्यवस्थापन गर्नु यहाँको मुख्य चुनौतिका रूपमा रहेको छ । शहरीकरणका कारण पनि यस्तो चुनौति थपिने गरेको हो । यता कतिपय मानिसहरू सुकुम्बासीका रूपमा खोला तथा नदीको डिलमा पनि बसेका छन् । तिनीहरूको बसोबासको व्यवस्थापन गर्ने कुरा पनि चुनौतिका रूपमा रहेको छ ।

➢ श्रम पलायनः यस गाउँपालिकाको सवैभन्दा ठूलो चुनौति श्रमको पलायन हुनु हो । बेरोजगारीका कारण यस गाउँपालिकाको युवा शक्ति ठूलो संख्यामा विदेसिएको छ । यसले गाउँको विकास र निर्माणमा नकारात्मक प्रभाव पार्न लागेको देखिन्छ । यसबाट गाउँमा विकास निर्माणका काममा युवाशक्ति नपाइने अवस्था सृजना भएको छ । रोजगारीका लागि विदेशीएको युवाशक्तिलाई यहाँ स्थापित गर्नु यहाँको सवैभन्दा ठूलो चुनौतिका रूपमा रहेको छ । यसैगरी खेतिपाति कार्यमा लागेका मानिसहरू विदेसिनाले यहाँ खेति गर्ने मानिसहरूको संख्या घटेर गएको छ र कृषि उत्पादनमा कमी आउन लागेको छ । यसलाई व्यवस्थापन गर्ने कुरा पनि मुख्य चुनौतिका रूपमा रहेको देखिन्छ ।

➢ भौतिक पूर्वाधारको कमीः हालसालै यहाँका विभिन्न गाविसलाई मिलाएर यो गाउँपालिका निर्माण गरिएको हुनाले यहाँ सवै ठाउँमा पूर्वाधार विकास हुन सकेको छैन । यसको दक्षिणी भागमा बाटोघाटो र अन्य विषयवस्तुको निकै विकास भएको छ भने यसको मध्य र उत्तरी भौतिक पूर्वाधारको विकास हुन सकेको छैन । यस्तो अवस्थामा समान रूपमा विकास निर्माणका कार्य गर्ने कुरा चुनौतिका रूपमा रहेको छ ।

➢ उचित नीतिनियमको कमीः हालसालै गाउँपालिका र गाउँपालिका गठन भएका भए पनि तिनीहरूका लागि आवश्यक सवै प्रकारका कानून तथा नियमावलीहरू बनिसकेका छैनन् । तसर्थ नियम कानूननै नबनी गाउँपालिकाको विकास र सेवा प्रवाहको कार्य गर्नु चुनौतिका रूपमा रहेको छ । यसैगरी गाउँपालिकाका विभिन्न पदाधिकारीका काम, कर्तव्य र अधिकार समेत कानूनबाट व्यवस्थित भई नसकेको हुँदा यसलाई ठूलो चुनौतिका रूपमा लिन सकिन्छ ।

➢ बढ्दो जनआकांक्षाः हाल आएर स्थानीय मानिसहरूको जनआंकांक्षा अति धेरै बढेको छ भने श्रोत र साधनको भने निकै कमी छ । यस्तो अवस्थामा सिमित श्रोतलाई व्यवस्थापन गरी जनआकांक्षा पूरा गर्ने कुरा चुनौतिका रूपमा रहेको छ ।

➢ श्रोत र साधनको पहिचान हुन नसक्नुः गाउँपालिकाहरू हालसालै पुनरव्यवस्थित भएकाले अहिलेसम्म स्थानीय श्रोत र साधनलाई पहिचान गर्ने तथा तिनीहरूको विकास गर्ने कार्य हुन सकेको छैन । हाल गाउँपालिकाहरूको योजनासम्म पनि बन्न नपाएको अवस्थामा श्रोत र साधनलाई पहिचान गरी तिनीहरूको विकासको योजना छोटो समयमा बनाउनु अहिलेको मुख्य चुनौति रहेको छ ।

➢ जनचेतनाको कमीः यस गाउँपालिकाको एउटा चुनौति जनचेतनाको कमी हुनु पनि हो । यहाँ अहिले पनि थुप्रै मानिसहरू निराक्षर छन् । त्यस्तै धेरैमा शिक्षा, स्वास्थ्य र अन्य क्षेत्रमा चेतनाको कमी छ । यसले गाउँपालिकाको विकास निर्माणको कार्यमा प्रत्यक्ष रूपमा प्रभाव पार्ने गर्दछ ।

➢ गरिबीः यस गाउँपालिकाका धेरै मानिसहरू अहिलेसम्म पनि गरिवीको रेखामुनी रहेका छन् । तिनीहरूको आयआर्जनमा अभिबृद्धि गर्नु तथा गरिबी निवारण गर्नु आजको मुख्य चुनौति बनेको छ ।

➢ बेरोजगारीः यस गाउँपालिकामा थुप्रै युवायुवती बेरोजगार छन् भने धेरैजना रोजगारीका लागि विदेसिएका छन् । तिनीहरूका परिवारले खेतिपाति गर्न छाडेका छन् । यसबाट एकजनाले कमाउने तथा अरू बसेर खाने पद्धतिको विकास भएको छ । यसले परनिर्भरतामा बृद्धि गरेको देखिनछ । यहाँको

श्रमशक्ति बाहिर जानाले यहाँका विकास निर्माणका कार्यमा नकारात्मक प्रभाव परेको छ । काम गर्ने मानिसहरू बाहिरबाट ल्याउनुपर्ने बाध्यता पनि छ । विदेश गएका व्यक्तिका परिवारका सदस्यहरूले अन्य प्रकारको श्रम गर्न छाड्दछन् । तसर्थ बेरोजगारीको समस्या समाधान गर्नु यहाँको मुख्य चुनौतिका रूपमा रहेको छ ।

➢ भूमिको व्यवस्थापन नहुनु: यस गाउँपालिकामा भूमिको समुचित ढंगका व्यवस्थापन हुन सकेको छैन । खेतिपाति गर्ने मानिससँग अति कम जमिन छ भने केही ज्यादा जमिन हुने मानिसले खेतिपाति गर्न छाडेका छन् । यता खेतिपाति छाडेर गाउँबाट शहरतिर सर्ने पद्धति पनि अति धेरै बढेर गएको छ । अझसम्म पनि जीविका खेति गर्ने चलन रहेको हुनाले यहाँको कृषिको समुचित विकास हुन नपाएको हो ।

यथार्थमा यस गाउँपालिकामा केही सम्भावनाहरू रहेका भए पनि चुनौतिको भने निकै ठूलो फेहरिस्त छ । यस्ता चुनौतिहरूका बीचमा पनि केही सम्भावनाहरू रहेका हुँदा तिनीहरूको खोजी गरी चाँडोभन्दा चाँडो गाउँको विकास निर्माण कार्य गर्ने र स्थानीय जनताका मनोकांक्षा पूरा गराउने कार्य गर्न आवश्यक छ ।

परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा उपलब्ध कानूनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृतमा विश्लेषण गरिएको छ । यसबाट आन्तरिक आय परिचालनको अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ ।

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- मनोरञ्जन कर
- सवारी साधन कर
- घर जग्गा बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर
- दण्ड जरिवाना

संघीय कानून (स्थानीय सरकार संचालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

(क) गाउँपालिकाको एकल अधिकारः

कर

- सम्पत्ति कर, घर र सो ले चर्चेको (लेन्ट एरिया) जग्गामा (आर्थिक ऐन २०७५ वाट संसोधित ब्यवस्था)
- भूमि कर (मालपोत): सम्पत्ति कर लगाउने भनि तोकिएको घरजग्गा वाहेकको अन्य जग्गामा (आर्थिक विधयक २०७५ वाट संसोधित ब्यवस्था)
- घर जग्गा बहाल कर
- व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा
- सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)
- जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत

शुल्क

- बहाल बिटौरी शुल्क : आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत
- पार्किङ् शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

सेवा शुल्क

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा
- आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला ब्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति,शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर:
  एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग
  ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग
- नक्सा पास दस्तुर (नक्शा पास गाउँ निर्माण भएकालाई तेब्बर दस्तुर)

- पंजिकरण व्यवस्थापन दस्तुर (वडा मार्फत्गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत
- जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर

विक्री

- वस्तु तथा सेवा विक्री
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री (दफा ११ (२) (घ) (६))

(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तिय अधिकार प्रदान गरेको छ :

१) एकल कर प्रशासन सम्वन्धी ब्यवस्था (आर्थिक विधयेक २०७५ वाट संसोधित ब्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशलेलगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा गाउँपालिकाले लगाउने र उठाउने
(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा गाउँपालिकाले उठाउने ।
(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा गाउँपालिकाले उठाउने
(घ) विज्ञापन करको दर गाँउपालिका वा गाउँपालिकाले लगाउने र उठाउने (ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।
(ङ) प्रदेशलेसवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँड गरिने*
- *आयोगले निर्धारण गरेको निर्धाण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँड गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

(२) राजस्व वाँडफाँड

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय बिभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
  - स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी बार्षिक रुपमा प्राप्त हुने

(३) अनुदान

- बित्तीय समानीकरण अनुदानः खर्चको आवस्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने

- समपूरक अनुदान : पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- बिशेष अनुदान : कुनै खास उदेश्य र योजनाको लागि संघ र प्रदेशबाट

(४) बैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र बैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सीमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यकालागि ऋण लिन सक्ने

उपरोक्त ब्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई ब्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने ब्यवस्था हुनुका साथै निम्न अनुसारका थप ब्यवस्थाहरू रहेका छन्।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, बस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था)
- कर नलाग्ने : कुटनीतिक नियोग, कुटनितिज्ञ, बैदेशिक ऋण वा सहायतावाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको विकृ नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र
- सेवा शुल्क असुली कार्य आफै वा ब्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने

३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानूनी अधिकारको आधारमा सम्भाब्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आय शीर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउछ ।

तालिका ४: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

क्र.सं	आयका शीर्षक	सम्भावना	संकलन	दर निर्धारण
क	कर तर्फ			
१	भूमि कर (मालपोत)	छ	छ	छ
२	सम्पत्ति कर	छ	छ	छ
३	सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)	छ	छैन	छैन
४	घर जग्गा बहाल कर	छ	छ	छ
५	व्यवसाय कर	छ	छ	छ

६	जडिबुटी, कवाडी र जीवजन्तुकर	छ	छ	छ
ख	गैर कर			
	ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री	छ	छ	छ
	नक्सापास दस्तुर	छ	छ	छ
	व्यक्तिगत घटना दर्ता शुल्क	छ	छ	छ
	वहाल विटौरी शुल्क	छ	छ	छ
	पार्किङ्ग शुल्क	छ	छैन	छैन
	अस्पताल संचालन			
	फोहरमैला ब्यवस्थापन शुल्क	छ	छैन	छैन
	स्थानीय खानेपानी महसुल	छ	छैन	छैन
	स्थानीय विद्युत महसुल	छ	छैन	छैन
	मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क	छ	छैन	छैन
	निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीयपुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति,शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि	छ	छैन	छैन
	मूल्यांकन सेवा शुल्क	छ	छ	छ
	दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म	छ	छ	छ
	ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क	छ	छ	छ
	वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर	छ	छ	छ
	दण्ड जरिवाना	छ	छ	छ

उल्लेखित तालिकाका आधारमा विश्लेषण गर्दा गाउँपालिकाले कर तर्फ ६ वटा शीर्षकहरूमा आय संकलन गर्ने सम्भावना देखिन्छ । जसमध्ये गाउँपालिकाले हालसम्म ५ वटा शीर्षकहरूको करका दरहरू निर्धारण गरि ५ वटा शीर्षकहरूबाट मात्र कर संकलन गरिरहेको छ । त्यसैगरि गैर कर तर्फ समग्रमा जम्मा १६ वटा शीर्षकहरू मध्ये १६ वटा शीर्षकहरूबाट आय संकलन गर्ने सम्भावना देखिन्छ । हालसम्म गाउँपालिकाले जम्मा १० वटा शीर्षकहरूमा दर निर्धारण गरि आय संकलन गरिरहेको छ ।

गाउँपालिकाले सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा), पार्किङ्ग शुल्क, फोहरमैला ब्यवस्थापन शुल्क, स्थानीय खानेपानी महसुल, स्थानीय विद्युत महसुल करको दर निर्धारण गाउँको र हाल सम्म

यी शीर्षकमा कर संकलन गरेको छैन । त्यसैगरि गाउँपालिकाले एकिकृत सम्पत्ति करको व्यवस्था अनुसार सम्पत्ति कर संकलन गरिरहेको छ । गाउँपालिकाले प्रदेश सरकारले निर्धारण गरी दहत्तर वहत्तर शुल्क अन्तर्गत खानी जन्य वस्तुको शुल्क संकलन गरि प्रदेशसंग राजस्व वाँडफाँड गरि आएको छ । गैर कर अन्तर्गत् निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीयपुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति,शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल तथा मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क आदि बापत्आय संकलनको सम्भावना भएतापनि हालसम्म दर निर्धारण तथा आय संकलन भएको छैन ।

३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

३.३.१ कर राजस्व

क. सम्पत्ति कर

हालको अवस्थाः गाउँपालिकाले आ.व. २०७४।७५ देखि एकिकृत सम्पत्ति करको रुपमा यो कर संकलन गरिरहेको छ । एकिकृत सम्पत्ति कर कार्यान्वयन का लागि गाउँपालिकाले बेग्लै कार्यविधि नबनाएको भएता पनि आर्थिक ऐनमा जग्गा र संरचनाको मुल्यांकन तथा मुल्यांकनको आधारमा करको दर तोकेको पाईन्छ । आ.व. २०७३ मा तयार पारिएको पार्श्वचित्र अनुसार जम्मा ७०२० घर संख्या रहेको देखिन्छ ।गत आ.व. २०७७।७८ मा रु. २०,०००,००० संकलन गरेकोमा चालु आ.व. २०७८।७९ मा सम्पत्ति कर मालपोत सहित एकमुष्ट रु. २५,००,००० संकलन गर्ने प्रस्ताव गरेको छ । गाउँपालिका कार्यालय लगायत सबै वडा कार्यालयहरुमा बिलिङका लागि कम्प्युटर सफ्टवेयरको व्यवस्था रहेको छ, हातले काटेका बिलसम्बन्धी तथ्यांक उपलब्ध नभएको हुँदा कति करदाताले सम्पत्ति कर तिरिरहेका छन् भन्ने यकीन तथ्यांक गाउँपालिकामा भएको पाइएन । गाउँपालिकमा हाल सम्पत्ति कर तिरिरहेका करदाता संख्या कति छन्भन्ने यकीन तथ्यांक नभएको हुँदा यहाँ कुल घरधुरी संख्याको आधारमा कुल करदाता संख्या अनुमान गरिएको छ ।

संभाब्यताः गाउँपालिकाले हालको संवैधानिक व्यवस्था अनुसार सम्पत्तिकरको परिभाषा गरि यो कर कार्यान्वयन गर्नुपर्ने देखिन्छ भने जग्गालाई मालपोतको न्यूनतम दरसंग सामन्जस्यता हुने गरि मूल्यांकन गरी सम्पत्ति करको दरलाई गाउँवासीको कर तिर्न सक्ने क्षमताको आधारमा परिमार्जन गरी यसलाई संवोधन गर्न सकिन्छ । गाउँपालिकाले वि.सं. २०७३ मा गरेको घरधुरी सर्भेक्षण अनुसार यहाँ कुल घरधुरी संख्या ७०२० रहेको छ कुल घरधुरी संख्या र दर्ता भएका घरधुरी संख्यामा केही अन्तर देखिएको हुँदा धेरै घर गाउँपालिकाका दर्ता हुन बाँकी रहेको सङ्केत गर्दछ । गाउँपालिकामा सबै घरको दर्ता

भएको छैन र दर्ता भएका सबै घरको आकार, प्रकार, बनोट, वर्ष, सडकदेखिको दुरीजस्ता आधारभूत तथ्यांक पनि उपलब्ध छैन । यिनै समस्याहरुलाई मध्यनजर गरी यो योजना तर्जुमा क्रममा सबै वडा कार्यालयमा सूचना संकलन फाराम वितरण गरि तथ्याङ्क संकलन गर्न आवश्यक देखिन्छ ।

गाउँपालिकाले वि.सं. २०७३ मा गरेको सर्भेक्षणको नतिजा अनुसारको कुल घरधुरी संख्या ७०२० भएता पनि यस अध्ययनको प्रयोजनका लागि करिब ७५०० सम्पत्ति करदाता संख्या हुने अनुमान गरिएको छ । औसत करदाताको करयोग्य सम्पत्ति संलग्न तालिकाको गणना बमोजिम रु. २५,००,००० अनुमान गरिएको छ र आर्थिक ऐन बमोजिम रु.५ लाख सम्मको रु ५० र २५ लाख देखि रु. ५० लाख सम्मको सम्पत्ति करको दर रु १५ प्रति लाख रहेको अनुसार औसत करदाताको करयोग्य सम्पत्ति संलग्न तालिकाको गणना बमोजिम प्रति घर औसत ३७५ रुपैयाँ अनुमान गरिएको हुँदा उक्त रकममा कुल करदाताबाट रु. २८ लाख १२ हजार ५ सय संकलन हुन सक्ने अनुमान गरिएको छ ।

सुधारका पक्षहरू:

सम्पत्ति कर कार्यान्वयनमा आइसकेको भए पनि सम्भावित सबै करदाता करको दायरामा आइसकेको देखिँदैन । सम्पत्ति करका सम्बन्धमा गाउँपालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ :

- गाउँपालिकाको आर्थिक ऐनमा हाल भएको सम्पत्ति कर सम्बन्धी प्रावधानलाई विद्यमान संघीय कानुन बमोजिम हुने गरी परिमार्जन गर्ने ।
- गाउँपालिकाका सबै सम्भावित करदाताको लगत संकलन गरी घर दर्ता सम्पन्न गर्ने।
- सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करको दर पुनरावलोकन गरी यथार्थपरक बनाउने ।
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरु मार्फत्करको दायरामा ल्याउन
- सम्बन्धित करदाताको घर कति फुटको कस्तो गुणस्तरको बाटोले छोएको हो भन्ने सहज तथ्यांक नभएको हुँदा यथाशक्य कच्ची र सानो बाटो देखाइ सम्पत्ति कर तिर्ने परिपाटी विद्यमान भएको हुँदा हरेक घर र बाटोको डिजिटल नक्सांकन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व संकलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने ।
- सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्धतिलाई अनिवार्य गर्ने।
- सम्पत्ति करको विजकलाई सूचना प्रविधिको माध्यमद्वारा करदातालाई अग्रिम रुपमा जानकारी गराउने पद्धति सुरु गर्ने ।

ख भूमि कर

हालको अवस्थाः

गाउँपालिकाको संशोधित आर्थिक ऐन, २०७४ ले सम्पत्ति कर लगाउने भनी तोकिएको जग्गाबाहेकका अन्य जग्गामा भूमिकर लगाउने व्यवस्था गरेको छ । जग्गाको मूल्यांकन गर्दा जग्गाको क्षेत्रफल, जग्गा भौगोलिक अवस्थिति, जग्गाको उपयोगको अवस्था, जग्गा रहेको स्थानमा पूर्वाधार विकासको अवस्थालाई आधार मानिने व्यवस्था उक्त ऐनले गरेको छ । गाउँपालिकाले करदाताबाट सम्पत्ति कर र भूमी करको रकम बुझिलिई करदातालाई एकीकृत रुपमा एउटै विल/रसिद दिन सक्ने प्रावधान अनुरुप हाल उक्त करहरु एकैपटक एकीकृत रुपमा संकलन गरिरहेको छ ।

गत आ.व. २०७७।७८ कुल १७,००,००० मालपोत संकलन भएको थियो । गाउँपालिकाको आम्दानी विवरणअनुसार चालु आ.व २०७८।७९ को असार मसान्तसम्म मालपोल तथा सम्पत्ति कर गरी कुल रु. ४२ लाख संकलन गर्ने योजना गरेको छ तर यस अध्ययनका आधारमा उक्त लक्ष्य व्यवहारिक सम्भावनाभन्दा निकै बढी भएको देखिन्छ ।

गाउँपालिकामा भूमीकर तिर्नुपर्ने करदाताको संख्या तथा सम्भावित करदातासँग भएको भूमिको स्वामित्व सम्बन्धी तथ्यांक उपलब्ध रहेको छैन । भूउपयोग अवस्था गाउँपालिका आवधिक योजना अध्ययन विवरण २०७६ को तथ्यांक अनुसार गाउँपालिकामा वनजंगल, व्यापारिक क्षेत्र, सांस्कृतिक तथा पुरातात्विक क्षेत्र, उत्खनन्क्षेत्र, जलक्षेत्र, उद्योग क्षेत्र, सार्वजनिक क्षेत्र, आवास र अन्य क्षेत्र र कृषी क्षेत्र गरी कुल २९१३७० कठ्ठा जग्गा रहेको छ । गाउँपालिकामा सम्पत्ति कर लाग्ने बाहेकको अन्य जमिन सम्बन्धी विस्तृत तथ्यांक उपलब्ध नभएको हुँदा उपरोक्त तथ्यांकअनुसारको कुल कृषि भूमि तथा घरधुरी संख्याको आधारमा गाउँपालिकाले उठाउन सक्ने सम्भावित भूमीकर आकार अनुमान गरिएको छ ।

संभाव्यताः

गाउँपालिकामा भूमीकर लगाउनयोग्य जग्गा र सोको करदातासम्बन्धी यकीन तथ्यांक उपलब्ध नभएको हुँदा भूउपयोग अवस्था गाउँपालिका आवधिक योजना अध्ययन विवरण २०७६ को तथ्यांक अनुसार कुल कृषी भूमि ९८४८ हेक्टर र गाउँपालिकाले हालै तयार गरेको वस्तुगत विवरण अनुसारको कुल घरधुरी संख्या ७०२० तथा भूमीकरको दरलाई भूमीकर रकमको कुल सम्भाव्यता आँकलनको मूल आधारका रुपमा लिई निम्न तालिका अनुसार गणना गरिएको छ । एक घरधुरीमा एकभन्दा बढी व्यक्तिसँग भूमिकरयोग्य जग्गा हुन सक्ने र सबै जग्गा धनीले घर निर्माण गाउँ घडेरी मात्र राख्ने तथा गाउँपालिका बाहिरका बासिन्दाहरुको समेत जग्गा भएको अवस्था समेतलाई ध्यानमा राखी कुल घरधुरी ७०२० मा ४० प्रतिशत थप गरी कुल ९,८२८ जना भूमिकरको करदाता संख्या निर्धारण गरिएको छ । कुल कृषी भूमि ९८४८ हेक्टर र प्रति करदातासँग रहेको औसत अनुमानित जग्गा १.००१ हेक्टर कायम गरिएको छ । यस गाउँपालिकाको वाड १ देखि वाड ९ को भू भाग पहाडी क्षेत्रमा पर्ने भएकाले सो क्षेत्रका जग्गालाई रोपनीका आधारमा मूल्याङ्कन गरिएको देखिन्छ भने वाड १० को भू भाग तराई क्षेत्रमा पर्ने भएकाले धुर/कठ्ठाका आधारमा मूल्याङ्कन गरेको देखिन्छ

तालिका ५: भूमीकर लगाउनयोग्य जग्गा

कुल कृषि भूमि/भूमिकरयोग्य जग्गा	९८४८ हेक्टर
कुल भूमिकर करदाता संख्या	९८२८
करदातासँग रहेको औसत जग्गा	१.००१ हेक्टर/१९.६५रोपनी
भूमि करको दर	रु ५० प्रति ५ लाख सम्म
न्यूनतम मूल्याङ्कन दर	रु १०,०००
अधिकतम मूल्याङ्कन दर	रु २०,००,०००

कुल कृषियोग्य भूमि ९८४८ हेक्टरलाई भूमीकरयोग्य जग्गाका रुपमा कायम गरिएको छ । माथि उल्लेख गरिएअनुसार भूमिकरको करदाता संख्या ९८२८ र गाउँपालिकाको मुख्य बजार क्षेत्र वडा नं. १ देखि १० का वडाका जग्गाको मूल्यांकनको दररेट हेर्दा करदाताको औसत भूमकिरयोग्य जग्गाको मूल्यांकन श्रेणी अनुसार न्यूनतम रु ५० का दरले कायम गरी गाउँपालिकामा उठ्न सक्ने कुल भूमीकर रु. ४८,२८,००५ अनुमान गरिएको छ ।

सुधारका पक्षहरू: गाउँपालिकामा भूमि तथा करदाता सम्बन्धी विस्तृत र यकीन तथ्यांक उपलब्ध छैन । यसकारण भूमि र करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक संकलन र नियमित अद्यावधिकरणको व्यवस्था गर्नु भूमिकर सम्बन्धमा प्रमुख आवश्यकताको रुपमा रहेको देखिन्छ । थप सुधारका पक्षहरु देहायअनुसार छन्:

मालपोत कार्यालयबाट तथ्यांक संकलन गरेर अथवा मालपोत कार्यालयसँगको समन्वयमा नयाँ नापी गरेर भूमिसम्बन्धी यकीन र विस्तृत तथ्यांक कायम गर्ने

सडकहरुको नक्साङ्कन, नामकरण र लगत कट्टाको व्यवस्था गर्ने

सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरू व्यवस्थित रुपमा अभिलेखीकरण गर्ने ।

सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्धतिलाई अनिवार्य गर्ने

आर्थिक ऐन परिमार्जन गरी भूमिकर र सम्पत्ति कर अनिवार्य रुपमा एकैपटक उठाइने कानुनी व्यबस्था गर्ने

भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने

ग. घरजग्गा वहाल कर हालको अवस्था:

गाउँपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै कोठा भाडा लगाउने घरधनी वा संभौता बमोजिम बहाल रकमको १० प्रतिशत असुल गर्ने ब्यवस्था गरेको छ । गाउँपालिकाले प्रभावकारी रुपमा यो कर संकलन गर्न सकेको छैन । हालसम्म संस्थागत रुपमा बहालमा बस्ने संस्थाहरूले अन्य निकायको कानूनी प्रावधानका कारण नबुझाई नहुने भएको खण्डमा मात्र बुझाउने गरेको देखिन्छ । आ.व. २०७६।०७७ मा यस शीर्षकवाट करिब रु. १,५०,००० संकलन भएको देखिन्छ । आ.व. २०७७।०७८ को असार

मसान्तसम्म घरजग्गा वहाल कर नै संकलन नभएको देखिन्छ । आ.व. २०७६।०७७ जसका आधारमा हेर्दा २०७८।७९ मा रु २,००,००० संकलन हुने अनुमान गरिएको छ ।

संभावना:

संकलित तथ्यांक अनुसार गाउँपालिका क्षेत्रमा करिव ११०० जनाले घरजग्गा वहालमा लिएको अनुमान छ । गाउँपालिकाको घरजग्गा वहाल करको दरलाई घटाई ५ प्रतिशत कायम गरेमा पनि प्राप्त तथ्यांकका आधारमा विश्लेषण गर्दा देहाय बमोजिम संकलन सम्भावना देखिन्छ ।

तालिका ६:घरजग्गा वहालमा लिएका

क्र.स	प्रयोजनका आधारमा बहालमा बस्ने	बहालमा बस्ने संख्या	मासिक भाडा रकम अनुमानित	बार्षिक भाडा असुली	जम्मा भाडा असुली	१० प्रतिशत
	बैंक तथा वित्तिय संस्था	२३	२०,०००	२,४०,०००	५५,२०,०००	५,५२,०००
	अन्य संघ संस्थाहरू	२५	२,०००	२४,०००	६,००,०००	६०,०००
	ठुला व्यवसायहरू/ अन्य व्यवसायहरू	१०५०	१०००	१२,०००	१२,६००,०००	१२,६०,०००
	जम्मा					१८,७२,०००
	५प्रतिशत असुल गर्दा					९,३६,०००

सुधारका पक्षहरू:

- वहालमा भएका घरजग्गाको लगत संकलन गरी अद्यावधिक गर्ने र सम्पत्ति करसंग आवद्ध गर्ने ।
- घरजग्गा वहाल रकम मूल्यांकन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटका दरले वहाल मूल्य निर्धारण गर्ने र सो वमोजिम वहाल रकम निर्धारण गरी कर संकलन गर्ने ।

- वहालकरको दर पुनरावलोकन गर्ने ।
- घरजग्गा वहाल कर संकलन कार्यविधि तर्जुमा गर्ने ।

घ. अन्य कर (व्यवसाय दर्ता कर)

हालको अवस्था:

गाउँपालिकाले आर्थिक ऐनमा व्यवसायहरूलाई व्यवसायको किसिमको आधारमा विभाजन गरी करको दर निर्धारण गरेको छ । करको दर न्यूनतम रु ५०० देखि अधिकतम रु १०,००० सम्म रहेको छ । यस वापत गाउँपालिकाले गत आर्थिक वर्षमा रु. २०,००,००० असुल गरेकोमा चालू आ.व. को लागि रु २० लाख संकलन हुने अनुमान गरेको छ ।

संभावना: यस गाउँपालिकाको बजार क्षेत्रहरूमा करिब १,१०० वटा व्यवसायीक फर्म तथा प्रतिष्ठानहरू रहेका र तिनीहरूबाट देहाय बमोजिम व्यवसाय कर संकलन हुन सक्ने सम्भावना देखिएको छ :

तालिका ७:व्यवसायका प्रकार र राख्न सकिने कर दर

क्र.स.	व्यापार व्यवसायका प्रकार	२०७६ को पार्श्वचित्र अनुसारको व्यवसाय संख्या	राख्न सकिने कर दर	अनुमानित जम्मा
१	बैंक तथा बित्तिय संस्था	२३	५०००	११५०००
२	डेरी व्यवसायी	६	२०००	१२०००
३	टेलस	३७	१०००	३७०००
४	सुनचाँदी व्यवसाय	१७	४४००	७४८००
५	भाडा व्यवसायी	८	२२००	१७,६००
६	हार्डवेयर	५	३३००	१६,५००
७	होटल व्यवसाय	१४	१५००	२१०००
८	फेन्सी व्यवसायी	१०८	११००	११८८००
९	क्लिनिक तथा औषधी व्यवसायी	८	५०००	४०,०००
१०	तरकारी तथा फलफूल व्यवसाय	१८	५००	९०००
११	इलेक्ट्रोनिक	१४	११००	१५,४००

	व्यवसायी			
१२	माछामासु पसल, व्यवसाय	११	५५०	६०५०
१३	हेयर सैलुंग तथा सौन्दर्यकला व्यवसायी	४	१०००	४०००
१४	उद्योग	३	१०,०००	३०,०००
१५	आर्ट व्यवसाय	३	११००	३३००
१६	बेकरी तथा मिष्ठान्न व्यवसाय	१०	१०००	१०,०००
१७	कार्ड बोर्ड उत्पादन	३	२०००	६०००
१८	बोडिंग स्कुल संचाल	८	१००००	८००००
१९	ठेक्कापट्टा	४	२२००	८८००
२०	जुत्ता पसल	१८	११००	१९८००
२१	फोटो स्टुडिया	६	१०००	६०००
२२	फर्निचर	९	२२००	१९८००
२३	किराना पसल तथा व्यवसायी	१५२	११००	१६७२००
२४	राइस मिल	२७	२२००	५९४००
२५	घडि रेडियो टि.भी मर्मत	२१	२२००	४६२००
२५	पेट्रोल पम्प	३	५५००	१६५००
२६	खाजाघर तथा चिया पसल	४८	१०००	४८०००
२७	मदिरा व्यवसाय	२७	११००	२९७००
२८	कम्प्युटर टेनिंग सेन्टर साईवर व्यवसायी	१२	१०००	१२०००
२९	फिल्म हल	०		
३०	सहकारी	२९	३०००	८७०००
३१	कागज उद्योग तथा छापाखाना	१	५०००	५०००
३२	अन्य साना गुम्ती पसलहरु	४६५	५५०	२५५७५०
जम्मा		११००		१३,९६,६००

माथिको तालिकालाई मूल्याङ्कन गर्दा सबै व्यवसायको बिबरणलाई संकलन गरी तोकिए बमोजिमको कर लगाउदा रु १३,९६,६०० संकलन हुने देखिन्छ ।

सुधारका पक्षहरू:

गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- व्यवसायको करको लगत संकलन गरी व्यवसाय करको अभिलेखलाई सम्पत्ति करको अभिलेखसंग आवद्ध गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि गाउँ कार्यपालिकावाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- व्यवसाय कर संकलन टोली गठन गरी वर्षमा १ पटक व्यवसाय कर संकलन अभियान संचालन गर्ने ।
- प्रभावकारी रुपमा व्यवसाय कर संकलनका लागि आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग बाणिज्य संघ आदि कार्यालयहरूसंग आवश्यक सहयोग र समन्वय गर्ने । जस्तै आन्तरिक राजस्व कार्यालयले व्यवसाय संचालनका लागि ख्व्ट तथा एब्ल दर्ता एवं नवीकरण गर्दा स्थानीय निकायको व्यवसाय कर चुक्ता अनिवार्य गरिदिएमा कर संकलन प्रभावकारी हुनेछ ।

ङ.जडिवुटी, कवाडी, जीवजन्तु कर हालको अवस्था:

गाउँपालिकाका बजार क्षेत्रबाट कवाडी संकलन गरी बेचविखन गर्ने व्यवसायहरू रहेका छन् तर अन्य मरेका जीवजन्तुतथा जडिवुटी संकलन तथा बिक्रीका सन्दर्भमा भने तथ्यांक तथा सूचनाको अभाव देखिन्छ । स्थानीय सरकार संचालन ऐन लागू भएपछि यस शीर्षकबाट आय संकलन गर्ने अधिकार प्राप्त भएसंगै गाउँपालिकाले आर्थिक ऐनमा करका दरहरू निर्धारण गरेको छ । करका दर निर्धारण भएतापनि हालसम्म गाउँपालिकाले यो कर संकलन गरेको छैन भने चालु आ.व.का लागि समेत अनुमान गरेको छैन । गाउँपालिकाले यस्ता व्यवसाय संचालन गर्नेलाई इजाजत प्रदान गरी प्रति क्विन्टलका दरले यस्ता कारोवार गर्नेसंग कर संकलन गर्न उपयुक्त देखिन्छ ।

संभावना:

गाउँपालिका क्षेत्रवाट करिव १५०० क्विन्टलक्विन्टल कवाडी मालवस्तु संकलन तथा बिक्री हुने गरिएको छ । गाउँपालिकाले वस्तुको मूल्यको आधारमा प्रति क्विन्टलक्विन्टल औसत रु १०० सम्म कर निर्धारण गरेमा वार्षिक रु १,५०,००० यस स्रोतवाट संकलन हुन सक्ने सम्भावना देखिन्छ । तर मरेका जीवजन्तुतथा जडिवुटी संकलन तथा बिक्रीका सन्दर्भमा जानाकारी नभएकाले सोको सम्भावना गणना गरिएको छैन । सुधारका पक्षहरू: कवाडी, जडिवुटी र जीवजन्तु कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- जडिबुटी, कवाडी तथा जीवजन्तुकारोवार इजाजत दस्तुर र करको दर निर्धारण गर्ने ।

- जडिबुटी, कवाडी तथा जीवजन्तुको व्यावसायिक रुपमा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।

३.३.२ गैरकर राजस्व

क) अन्य बिक्रीबाट प्राप्त रकम (प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री)

हालको अवस्था: यस गाउँपालिका हुँदै बग्ने खोलावाट ढुङ्गा, गिट्टी तथा वालुवा उत्पादन भई गाउँपालिका क्षेत्र तथा अन्यत्र समेत उपयोग हुने गरेको छ । गाउँपालिकाले खोला वाटको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गरी जिल्ला समन्वय समितिबाट स्वीकृति गराई सोही आधारमा ठेक्का विधि रकम संकलन गरिरहेको छ । गाउँपालिकाले प्रदेश सरकारको आर्थिक ऐन अनुसार गाउँपालिकाकाले दहत्तर वहत्तर शुल्कको रुपमा खोलावाट उत्पादित ढुङ्गा, गिट्टी तथा बालुवावाट रकम संकलन गरी सो को ४० प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउँदै आएको छ । चालु आ.व.का लागि त्यस खोलाका ५ वटा नाकाबाट प्रति घन फिट रु. ३ का दरले जम्मा रु. ६० लाख रुपैयामा संकलन गरेको छ ।

संभावना:

खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनका आधारमा हेर्दा पाँचवटा स्थलहरूबाट ढुङ्गा, गिट्टी तथा वालुवा जम्मा ६७००० घन मिटर परिमाण उत्खनन् गरि बिक्री गर्न सकिने देखिएको छ । हाल गाउँपालिकाले बिक्री दर निर्धारण गरेको छैन । गाउँपालिकाले प्रदेश सरकारको आर्थिक ऐन अनुसार प्रति घन फिट दहत्तर वहत्तर शुल्क मुल्य रु. ३ (१ घन मिटर = ३५.३१४ घन फिट) का दरले संकलन गर्दा रु. ७०,९८,२३५ हुने देखिन्छ । तर बोल कबोल मार्फत् ठेक्का निर्धारण गर्दा रु. १ करोड २२ लाखमा शुल्क संकलन ठेक्का लागेको छ । गाउँपालिकाले संघीय कानूनले दिएको अधिकार अनुसार ढुङ्गा, गिट्टी तथा वालुवा विक्री गरी आय आर्जन गर्नेतर्फ कदम चाल्नु पर्ने देखिन्छ । गाउँपालिकाले प्रति घन फिट रु ५ बिक्री दर निर्धारण गरेमा १,१८,३०,१९०र आय आर्जन गर्न सक्ने देखिन्छ । प्रदेश सरकारले निर्धारण गरेकोदहत्तर वहत्तर शुल्कको परिभाषाभित्र ढुङ्गा, गिट्टी तथा वालुवा राखेकाले यसको अर्थलाई एकीकन गर्न जरुरी देखिन्छ । विगतमा जिल्ला विकास समितिबाट दहत्तर वहत्तरको दायराभित्र दहमा तैरिएर रहेका काठ र खोलाले बगाएर ल्याएका काठलाई बिक्री गरी आय आर्जन गर्ने गरेको थिए । त्यसैगरि गाउँक्षेत्रमा रहेका सामुदायिक वनहरू वार्षिक करिब १८००० घन फिट काठ बिक्री हुने गरेको देखिन्छ । उक्त काठको बिक्री दर औसत रु १२०० प्रति घन फिट रहेको छ । जसका कारण ती सामुदायिक बनबाट वार्षिक रु. २ करोड १६ लाख बराबरको काठ बिक्री हुने र सो बापत गाउँपालिकाले रु. १० लाख ८० हाजार आम्दानी गर्न सक्ने देखिन्छ ।

सुधारका पक्षहरू:

- ढुङ्गा, गिट्टी तथा वालुवा ठेक्का प्रकृया अगाडी बढाउनु पुर्व गाउँसभाबाट बिक्रीको दर दर निर्धारण गरी आर्थिक ऐनमा व्यवस्था गर्नुपर्ने ।

- प्रदेश सरकारको आर्थिक ऐन अनुसारको दहत्तर बहत्तर शुल्कको परिभाषा एकीन गरी दहत्तर बहत्तर शुल्कको दायराभित्र वहेर आउने तैरिने वस्तु (काठ) लाई मात्र समावेश गर्न पहल गर्ने ।
- IEE प्रतिवेदनले एकीन गरेको परिमाणमा ठेक्का लगाएको भएता पनि विगतको तथ्यांक तथा संकलनको अवस्था हेर्दा सोभन्दा बढी खानिजन्य उत्पादन बिक्री तथा निकासी हुने गरेको हुन सक्ने देखिन्छ । गाउँपालिकाले सोका लागि प्रभावकारी अनुगमन तथा मूल्यांकन समिति गठन गरी आवधिक अनुगमन गरी नियम कानुनको दायरामा ल्याउनु पर्ने देखिन्छ ।
- गाउँपालिकाले आर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान उल्लेख गर्नुपर्ने ।

ख) बहाल बिटौरी शुल्क हालको अवस्थाः

गाउँपालिकाले आफुले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत वहाल विटौरी शुल्क लगाउन पाउने कानुनी ब्यवस्था छ । गाउँपालिकाको मंगलबारे हटिया टष्ट्र, र मंगलबारे हटिया काठको टहरामा गरि जम्मा दुई स्थानमा हटिया लाग्ने गरेको छ । गाउँपालिकाले हाटबजार विटौरी शुल्क आर्थिक ऐनवाट निर्धारण गरी उल्लेखित दुईवटै हाट बजारबाट ठेक्का विधिमार्फत गत आर्थिक बर्ष रु ५,००,००० असुल गरेको छ ।

संभावनाः

बहाल विटौरी शुल्क संकलन सम्बन्धी हालको अवस्था र शुल्क संकलनमा गाउँपालिकाको प्रयास हेर्दा आगामी दिनमा यो शीर्षक बापत बढ्दो दरमा आय संकलन हुने सम्भावना देखिन्छ । हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक संकलन गरि विटौरी शुल्क पुनरावलोकन गरेमा आगामी आ.व.मा हालको संकलनमा २० प्रतिशतले बृद्धि हुने देखिन्छ । त्यसैगरि आगमी आ.व.मा ऐलानी जग्गामा बसोबास गर्ने करिब ४०० घरधनी बाट औसत रु. ५०० का दरले २ लाख संकलन हुने अनुमान गरिएको छ । उल्लेखित आधारमा विश्लेषण गर्दा आगामी आ.व.मा २ वटा हाट बजारबाट हाल संकलन भईरहेको रकमको करिब ६ लाख , ऐलानी जग्गाका संरचनाबाट रु. २ लाख गरि जम्मा रु. ८ लाख बहाल विटौरी शुल्क संकलन हुने सम्भावना देखिन्छ ।

सुधारका पक्षहरूः

- गाउँपालिकाको वहाल विटौरी शुल्कमा सुधार ल्याउनको लागि वहाल विटौरी शुल्कको दायराभित्र हाटवजार, सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापतलाग्ने शुल्कलाई समावेश गर्ने । स्थानीय विकास शुल्क लिन सक्ने कानूनी ब्यवस्था नभएकोले सो ब्यवस्थालाई परिवर्तन गर्ने ।
- ऐलानी वा पर्ति जग्गामा वनेका संरचनाहरूको अभिलेख राखी वहाल विटौरी शुल्कको अभिलेख राख्ने ।
- हालसम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखी वहाल विटौरी शुल्क लिन सक्ने सम्भावनाको अध्ययन गरि कार्यान्वयन गर्ने ।

- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गिकरण गरि हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।

ग) नक्सा पास दस्तुर हालको अवस्थाः

गाउँपालिकाले नक्सापास दस्तुरको दर निर्धारण आर्थिक ऐनमा निर्धारण गरेको छ । हालको नक्सापासको अभ्यास हेर्दा हरेक खाले भवन निर्माणमा तथा अभिलेखीकरण दस्तुर बापत रु.१००० का दरले संकलन गरिएको छ । यस शीर्षकवाट आ.बं २०७४।७५ मा रु १५ लाख संकलन भएको छ ।

। सम्भावनाः

यस गाउँपालिका क्षेत्रमा बढ्दो शहरिकण संगै भवन निर्माणमा तिव्रता देखिन्छ । हाल यस क्षेत्रमा प्रायः जसो न्युनतम १००० वर्ग फिटका घरहरू निर्माण भईरहेका छन्। आगामी आ.व.मा यस गाउँपालिकामा करिब १०० वटा नयाँ घर निर्माण हुने र पुराना २५०० वटा नक्सा पासको दायरामा आउन सक्ने अनुमान गर्न सकिन्छ । यसबाट औसत रु. १,००० का दरले जम्मा रु. २६००,००० आम्दानी हुने सम्भावना देखिन्छ ।

सुधारका पक्षहरूः

नक्सापास प्रकृयाले आयआर्जन मात्र नभई भवन निर्माण प्रकृयालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- गाउँपालिका गठन पूर्व वनेका घरहरूको अभिलेखीकरणकोलागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने ।
- नक्सापासकोलागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने ।

घ) सिफारिश तथा प्रमाणित दस्तुर :

हालको अवस्थाः

गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरिआएको छ । आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम रु ५ देखि ५००० सम्म निर्धारण गरेको छ र यसवाट गत आर्थिक वर्षको रु. २५ लाख असुली भएको र चालू आर्थिक वर्षमा यस शीर्षकमा रु. ३० लाख संकलन हुन सक्ने अनुमान गरिएको छ । गाउँपालिकाले गाउँ कार्यपालिका तथा वडा कार्यालयहरूवाट यस्तो दस्तुर संकलन गरिआएको छ । वडावाट संकलित सिफारिश तथा प्रमाणित दस्तुरवाट संकलित रकम वडा सचिवहरूले गाउँपालिकाको राजस्व शाखामा हरेक महिना दाखिला गर्ने गरेका छन्।

सम्भावना:

गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरूवाट वार्षिक करिव १७,००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । वर्तमान दर अनुसार प्रति सिफारिश वा प्रमाणित औषत रु २५० भएमा वार्षिक सिफारिश तथा प्रमाणित वाट रु ४२,५०,००० आय संकलन हुने सम्भावना रहेको देखिन्छ । जसमा सिफारिश दस्तुर रु. ३६,५०,०००, व्यक्तिगत घटना दस्तुर रु. १,५०,०००, नाता प्रमाणित दस्तुर रु. २,५०,००० र अन्य दस्तुर रु. २,००,०००

सुधारका पक्षहरू:

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गिकरण गरि दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पुर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडावाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।

ङ) अन्य सेवा शुल्क पर्यटन शुल्क

हालको अवस्था:

यस गाउँपालिकामा रमणिय तथा धार्मिक पर्यटकिय दृष्टीकोणले महत्वपुर्ण स्थानहरू रहेका छन्। जेफाले, ध्वजेडाँडा, सप्तकन्या गुफा, महादेवपार्वती गुफा जस्ता मनोरम प्राकृतिक छटा सहितको पिकनिक स्थलहरू यहाँका प्रमुख पर्यटकिय आकर्षणका क्षेत्रहरू हुन् । तरपनि उल्लेखित क्षेत्रहरूमा दैनिक रुपमा पर्यटकहरू आउने र शुल्क तिरेर भ्रमण गर्ने गरेका छन्। चालु आ.व.मा गाउँपालिकाले पर्यटन शुल्क संकलन गर्ने प्रकृया अगाडी बढाएको छ ।

सम्भावना :

तत्काल पर्यटन शुल्क संकलनको सम्भावना भएका क्षेत्रहरू (जेफाले, ध्वजेडाँडा, सप्तकन्या गुफा, महादेवपार्वती गुफा)को तथ्यांक संकलन गरि विश्लेषण गर्दा बार्षिक १००००० पर्यटक आउने देखिन्छ र प्रति रु ५० का दरले संकलन भएको रकमको १५ प्रतिशत राजस्व परिचालन अन्तर्गत्को नीति तथा कार्यक्रममा उल्लेख गर्ने हो भने रु ७,५०,००० पर्यटन शुल्क संकलन हुन सक्ने देखिन्छ ।

सुधारका पक्षहरू:

- आर्थिक ऐनमा पर्यटन शुल्कको संकलन सम्बन्धी व्यवस्था गर्दै शुल्कको दर निर्धारण गर्ने ।
- गाउँपालिकाको पर्यटन शुल्कको दर टिकटमा समावेश गरी टिकटको अभिलेख राख्ने र अनुगमन गर्ने ।
- पर्यटकिय सम्भावना भएका प्रमुख सार्वजनिक स्थलहरू पहिचान तथा सम्भाव्यता अध्ययन गरि गाउँको दिर्घकालिन आय आर्जन हुने संरचना विकास गर्ने ।

च.स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क (सडक सुधार शुल्क):

हालको अवस्था:

यस गाउँपालिकाले सडक संग सम्बन्धित रहेर प्रतेक्ष्य रुपमा सडक सवारी कर र खोला क्षेत्रको नदिजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट सडक सुधार शुल्क संकलन गरिरहेको छ । सडक सवारी कर तथा सडक सुधार शुल्कका सन्दर्भमा गाउँपालिकाले आर्थिक ऐन प्रावधान सहित संकलन दर निर्धारण गरेको छ । गाउँपालिकाले कुनैपनि नामवाट पटके सवारी कर लिन सक्ने कानुनी अधिकार नरहेकोले यस्तो कर संकलन खारेज गर्नुपर्ने देखिन्छ । यद्यपी, खोलावाट नदीजन्य पदार्थ ढुवानी गर्ने सडक निर्माण तथा मर्मत संचालन मुख्य रुपमा सोही प्रयोजनकोलागि निर्माण गरिएको हुंदा उक्त सेवा वापत स्थानीय पुर्वाधार उपयोग सेवा शुल्क संकलन गर्ने तर्फ प्रयास गर्नुपर्ने देखिन्छ । स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क बापत गत वर्ष रु ६०,००,००० संकलन भएको देखिन्छ ।

सम्भावना: खोलाको पाँचवटा स्थलहरूबाट नदिजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट सडक सुधार शुल्क संकलन भइरहेको छ । चालु आवमा गाउँपालिकाले ठेक्का विधि मार्फत रु. ६० लाख आर्जन गरेको छ । उक्त पाँच स्थलका सडक भएर नौ महिनासम्म दैनिक करिब २०० वडा ट्र्याक्टर तथा ट्रिपरहरू नदिजन्य पदार्थ ढुवानीका लागी आवतजावत गर्ने गर्दछन् । उक्त आधारमा हेर्दा ती ट्रकहरूबाट औसत रु. १५० का दरले सडक सुधार शुल्क संकलन गर्दा आगामी आ.व.मा गाउँपालिकाले जम्मा रु. ७५ लाख २८ हजार आय गर्ने देखिन्छ ।

सुधारका पक्षहरू:

- खोलाका विभिन्न स्थानहरूबाट मात्र नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनहरूलाई सडक सुधार शुल्कको दर निर्धारण गर्ने ।
- टेम्पो, ई रिक्सा, अटो रिक्सा वाहेक अन्य सवारीको सवारी करको ब्यवस्था आर्थिक ऐनवाट हटाउने ।
- प्रशासनिक सहजताका लागि नदीजन्य पदार्थको बिक्री ठेक्का संगै यो ठेक्का पनि लगाउँदा उपयुक्त हुने।
- यो सडक सुधार शुल्क भएकाले यस्तो संकलन अगावै उक्त क्षेत्रका सडकहरू मर्मत सुधार गरि सवारी आवतजातमा सहजता कायम गर्ने ।

परिच्छेद – चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

४.१ राजस्व परिचालन सम्बन्धी नीति

गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले गाउँ प्र.प्र.अ मुखको संयोजकत्वमा देहायअनुसार ६ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ ।

तालिका ८:राजस्व परिचालन सम्बन्धी नीति

क्र.सं	**समितिका व्यक्तिहरु (पद)**	**समिति (जिम्वेवारी)**
१	सुर्दशन दाहाल (प्र.प्र.अ)	संयोजक
२	चन्द्र बा. बस्नेत (सहायक पाँचौ)	सदस्य
३	दिनेश बुढाथोकी (लेखापाल)	सदस्य
४	आरती धिताल (राजश्व शाखा)	सदस्य
५	जंग राज खवास (१० न. वडा अध्यक्ष)	सदस्य सचिव

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरि राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गाउँ सभा समक्ष पेस गरेको थियो । पुनर्संरचित गाउँपालिको संवैधानिक ब्यवस्थाको आधारमा गाउँपालिकाले चालु वर्षको लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक वसी आन्तरिक आयको दररेट प्रस्ताव गरि गाउँसभाले सो दररेट स्वीकृत गरेका छ । आयका शिर्षगत् दायरा तथा उक्त दायराका दररेटहरू राखी गाउँसभा मार्फत् आर्थिक ऐन पारित गरिएको हो । यसका अतिरिक्त गाउँपालिकाले राजस्व परिचालन सम्वन्धि कुनै नीति

तर्जुमा गरेको पाईदैन । गाउँ सभाद्वारा आ.व.२०७८।७९ को लागि आन्तरिक आय तर्फ शीर्षकगत वर्गीकरण सहित जम्मा रु. १८३,९७५,००० संकलन हुने अनुमान गरेका छ ।

गाउँ सभाले आ.व.२०७८।७९ का लागि गरेका राजस्व सम्बन्धी नीति तथा कार्यक्रमहरू :

- गाउँक्षेत्र भित्र संकलन गरिने नदीजन्य पदार्थ ढुवानी गर्ने साधनलाई नदीजन्य पदार्थ संकलन क्षेत्रमा नै तोकिए बमोजिमको पूर्वाधार विकास शुल्क लगाइने।
- गाउँ क्षेत्रभित्र संचालनमा रहेका सवारी साधनहरूले एकमुष्ठ पूर्वाधार विकास शुल्क बुझाएमा उक्त सवारी साधनलेपटक पटकपूर्वाधार शुल्क तिर्नु नपर्ने।
- सामुदयिक वनबाट विक्री हुने बन पैदावरमा पर्यटन वन वातावराण प्रवर्द्धन तथा संरक्षण शुल्क पाँच प्रतिशत विक्री कर लागाइने छ । उक्त करहरू आपसी सहमतिमा लगाएका हुँदा सामुदायिक वनहरूले चौमासिक रुपमा गाउँपालिकामा बुझाउने व्यवस्था गरिएको।
- सामुदायिक वन र निजी पर्यटकीय क्षेत्र, पिकनिक क्षेत्र, सामुदायिक वनहरूमा लिइने प्रवेश शुल्कमा पर्यटन वातावरण प्रवर्द्धन तथा संरक्षण शुल्क वापत पाँच प्रतिशत कर लगाईने छ । उक्त रकम सम्बन्धित निकायले चौमासिक रुपमा गाउँपालिकामा बुझाउने व्यवस्था मिलाएको।
- एकीकृत सम्पत्ति कर, व्यवसाय कर, घर वहाल कर पुष मसान्त सम्म एकमुष्ठ बुझाएमा दश प्रतिशत छुट दिने ।
- गाउँपालिकालाई बुझाउनु पर्ने कोठा, सटर तथा घर भाडा एकमुष्ठ बुझाएमा पाँच प्रतिशत छुट दिईने।
- गाउँपालिकाबाट वार्षिक लाग्ने ठेक्कामा तोकिएको रकम एकमुष्ठ बुझाएमा दश प्रतिशत छुटको व्यवस्था गरिएको ।
- व्यवसाय दर्ता, नवीकरण तथा व्यवसाय कर संकलनको लागि तेस्रो पक्षीय निकाय परिचालन गरिने ।
- गाउँपालिका क्षेत्रभित्र घर निमार्ण गर्नु पूर्व नियमानुसार नक्सा पास गर्ने व्यक्ति तथा संस्थाहरूलाई नक्सा पास दस्तुर पाँच प्रतिशत छुट दिईने छ । साथै निमार्ण पूर्व नियमानुसार नक्सा पास नगर्ने व्यक्ति तथा संस्थालाई नक्सा पास गर्दा लाग्ने दस्तुरमा सत प्रतिशत दस्तुर थप गरिनेछ ।

४.२ विगतको आय परिचालनको अवस्था

गाउँपालिकाको विगत ३ बर्षको आय परिचालनको अवस्था तलको तालिकामा दिईएको छ । गाउँपालिकाको आन्तरिक आयको औसत वार्षिक बृद्धि दर २९ प्रतिशत देखिएको छ (तालिका ५) । गाउँपालिकाले दायरा तथा दरमा वृद्धि गरि यो लक्ष हासिल गरेको देखिन्छ । त्यसैगरि राजस्व बाँडफाँडबाट प्राप्त आम्दानीको औषत वार्षिक बृद्धिदर ५.२ प्रतिशतले ऋणात्मक देखिन्छ भने वाह्य

स्रोत बाट प्राप्त आम्दानी भने १४३ प्रतिशत गरि गाउँपालिकाको कुल आय ११८ प्रतिशतले बढेको देखिन्छ ।

तालिका ९: गाउँपालिकाको आय वृद्धिदर

क्र.सं.	आय शीर्षक	यथार्थ आय		औषत वार्षिक बृद्धिदर	अनुमान
		२०७६।७७	२०७७।७८		२०७८।७९
क	आन्तरिक आय				
	जम्मा स्थानीय कर	**८३,६७५,०००.००**	**११८,३३५,५००.००**	**२९.२९**	**२०,५६,६६,५००**
	मालपोत तथा भूमिकर	२५,००,०००.००	१७,००,०००.००	-३२	१९,५५,०००
	घरवहाल कर	१,५०,०००.००	०.००	०	
	ब्हाल विटौरी कर (हाट बजार कर)	४,५०,०००.००	५,००,०००.००	१०	५७५,०००.००
	व्यवसाय रजिष्ट्रेशन कर	१५,००,०००.००	२०,००,०००.००	२५	२३,००,०००.००
	सम्पति कर	२०,००,०००.००	२०,००,०००.००	०	२३,००,०००.००
	अन्य कर	२,५०,०००.००	५,००,०००.००	५०	५७५०००.००
	अन्य सेवा शुल्क तथा बिक्री	२६५,०००.००	५,००,०००.००	४७	५७५०००.००
	अन्य प्रशासनिक सेवा शुल्क	०.००	०.००		
	सार्वजनिक सुविधा उपयोग सेवा शुल्क	४५,००,०००.००	६०,००,०००.००	२५	६९,००,०००.००
	दर्ता तथा नवीकरण दस्तुर	१५,००,०००.००	२०,००,०००.००	२५	२३,००,०००.००
	नक्सापास दस्तुर	१३,००,०००.००	१५,००,०००.००	१३	१७,२५,०००.००
	सिफारिस तथा बक्सौनी दस्तुर	३५,००,०००.००	२५,००,०००.००		
	नाता प्रमाणित दस्तुर	१०,००,०००.००	१५,००,०००.००	३३	१७२५०००.००
	अन्य दस्तुर				
	दण्ड जरिवाना	८,००,०००.००	८,००,०००.००		
	वन पैदावार बाट प्राप्त रकम	०.००	०.००		
	अन्य विविध आय	१०,०००.००	१०,०००.००		

	आ.ल्या	५,५३,००,०००.००	७८६२५५००.००	२९	
	जिसस बाट प्राप्त	१०,००,०००.००	२०,००,०००.००		
	जम्मा	**८३,६७५,०००.००**	**११८,३३५,५००.००**		
ख	**संघिय सरकार**			**१५.६०**	
	समानिकरण अनुदान	१,१३,२००,०००.००	१,१३,९००,०००.००		
	ससर्त अनुदान	१३२,६२०,०००.००	१९८,९४१,८१०.००		
	केन्द्र सरकारबाट प्राप्त राजस्व बाँडफाँड	९२,३००,०००.००	८७,३९७,०००.००		
	समपुरक अनुदान	६,०००,०००.००	७,५००,०००.००		
	जम्मा	**३४४,१२०,०००**	**४०७,७३८,८१०**		**४४,८५,१२,६९१**
ग	**प्रदेश सरकार**			**३३.४२**	
	राजश्व बाँडफाड प्राप्त सवारी साधन शुल्क	६,४९,६०००.००	५२१३०००.००		
	मालपोत रजिष्ट्रेशन बापत	६,९८६,५५०.००	८,१२४,५००.००		
	प्रदेश सरकारबाट प्राप्त विशेष तथा समपुरक अनुदान	१०,०००,०००.००	१०,०००,०००.००		
	प्रदेश सरकार वित्तिय समानिकरण अनुदान	७,१७७,०००.००	७,२०३,०००.००		
	दहत्तर बहत्तर स्थानीय राजश्व बाँडफाड	५,८२५,०००.००	८,०००,०००.००		
	दहत्तर बहत्तर स्थानीय प्रदेश राजश्व बाँडफाड	७४,३५३,४५०.००	१२५,५३४,०००.००		
	प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान	०.००	२,४००,०००.०००		
	जम्मा	**११०,८३८,०००.००**	**१६६,४७४,५००.००**		**१८,३१,२१,९५०**
	कुल जम्मा	**५३८,६३३,०००.००**	**६९२,५४८,८१०.००**		**८३,७३,०१,१४१**
	सामाजिक सुरक्षा		९०,०००,०००.००		

	भत्ता				
	PLGSP बाट IT को तलब		३,७०,५००.००		

गाउँपालिकाको आन्तरिक आयको संरचना हेर्दा प्रमुख तीन श्रोतहरूमा क्रमशः सम्पत्ति कर, सिफारिश तथा सार्वजनिक सुविधा उपयोग सेवा शुल्क र विटौरी कर (हाट बजार कर) रहेको छ । तलको तालिकामा गाउँपालिकाको आन्तरिक आयको स्रोत अनुसारको संरचना तथा तिनको कुल आन्तरिक आयमा योगदान देखाइएको छ, जसअनुसार गाउँपालिकाको कुल आन्तरिक आयमा सबैभन्दा बढी स्थानीय करको योगदान १५ प्रतिशत भन्दा बढी रहेको छ ।

तालिका १०:स्थानीय कर जम्मा आन्तरिक आय

आन्तरिक आय स्रोत	२०७६।७७	प्रतिशत	२०७७।७८	प्रतिशत	२०७८।७९	प्रतिशत
स्थानीय कर जम्मा आन्तरिक आय						
	८३,६७५,०००.००	१५	**११८,३३५,५००.००**	१७	**२०,५६,६६,५००**	

गाउँपालिकाको आय संरचना हेर्दा आन्तरिक आय हिस्सा न्यून छ जसले गाउँपालिका वाह्य स्रोतमा निर्भर रहेको देखिन्छ । तल उल्लेखित तालिकामा हेर्दा आ.व. २०७६/०७७ को कुल आयमा आन्तरिक स्रोत बाट प्राप्त आयले जम्मा १५ प्रतिशत, बाँकी ८५ प्रतिशत हिस्सा बाह्य स्रोतले ओगटेको छ ।

४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

संगठन संरचनामा गाउँपालिकाले प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत् रहने गरि राजस्व उपशाखा गठन गरेता व्यवहारमा उपशाखाको रुपमा कार्यगत् देखिदैन । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्व संकलनको अवस्था देहायअनुशार रहेको छ :

- राजस्व उपशाखा (ना.सु. १ र खरिदार २ गरी जम्मा ३ जना कर्मचारीको दरबन्दी सहीत) को संरचना स्वीकृत गरिएता पनि आर्थिक प्रशासन शाखा अन्तर्गत् राजस्व संकलन ईकाईको रुपमा रहेको ।

- राजस्व शाखामा कार्यरत कर्मचारीले नम्र व्यवहारका साथ सेवाग्राहीलाई सेवा दिने गरेको ।
- राजस्व संकलनका लागि ना.सु. १ जना र कम्प्युटर अपरेटर १ जना गरि जम्मा २ जना कार्यरत ।
- नेपाल सरकार (भवन विभाग अन्तर्गत्को कार्यक्रम) द्वारा निर्मित् सफटवेयर जडान गरि सो को प्रयोग गरिएको ।
    - ➢ गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरूमा जडान गरि कम्प्युटर विलिङ्ग प्रणाली मार्फत राजस्व संकलन हुने गरेको ।
    - ➢ सफ्टवेयरमा राजस्वका शीर्षकहरू हाल नेपाल सरकारले व्यवस्था गरेको राजस्व कोड तथा शीर्षक अनुसार नभएकाले संकलन गरिएको राजस्वका शीर्षकहरू नमिलेको ।
    - ➢ करका शीर्षक अनुसार गाउँ सभाले निर्धारण गरेको दर प्रविष्टी गाउँकाले रसिद काट्ने बेलामा नै हातले प्रविष्टी गरिने हुदा झन्झटिलो र गल्ति हुने सम्भावना रहेको ।
    - ➢ सेवा शुल्क तथा बिक्रीको बैग्ले महल तथा शीर्षक नखोलिएकाले यस किसिमको आयहरू विविध आय शीर्षकमा संकलन हुने गरेको ।
- गाउँपालिका कार्यालयमा औसत ४० देखि ५० जना करदाताबाट औसत ५०,००० रकम दैनिक संकलन हुने गरेको ।
- सम्पत्ति करका करदाताहरूको फाईल तथा दैनिक काटिने रसिदहरू व्यवस्थित रुपमा फाईलिङ्ग नभएको ।

- संकलित रकम अवस्था हेरी प्रत्येक २ दिनमा बैंक दाखिला गर्ने गरेको । वडा कार्यालयहरूले पनि सोही अनुसार बैंक दाखिला गरि मासिक रुपमा गाउँपालिकाको राजस्व संकलन केन्द्रमा विवरण सहित भौचर बुझाउने गरेको गरेको ।
- मासिक रुपमा वडा कार्यालयहरू प्राप्त विवरणहरू समेत समावेश गरि शीषर्कगत् रुपमा संकलित रकमको विवरण सहित बैंक भौचरहरू लेखा शाखामा बुझाईने गरेको ।
- राजस्व संकलनको स्पष्ट कार्यविधि नभएकाले राजस्व संकलन गर्दा शीर्षकहरू चयनमा अस्पष्टता रहेको । एउटै किसिमको आम्दानी पनि समय अनुसार फरक फरक शीर्षकमा प्रविष्टी हुने गरेको ।
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण नभएको ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारीताका लागि अनुगमन तथा मूल्यांकन नभएको।

४.४. राजस्व परिचालनमा रहेका सवालहरू

गाउँपालिकाको स्थानीय आन्तरिक आय परिचालनमा नयाँ ब्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई संवोधन गर्न निम्न कार्य गर्न आवश्यक देखिन्छ ।

क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण

राजस्व परिचालन क्षमता सुधार तथा राजस्वको श्रोत र आधारहरू बृद्धी गर्न गाउँपालिकाको राजस्व प्रशासनको बर्तमान संगठनको विस्तार गर्नु पहिलो कार्यको रुपमा देखिन्छ । गाउँपालिकाको नयाँ क्षेत्र तथा परिवर्तित राजस्व अधिकारको आधारमा गाउँपालिकाले भौतिक सुविधा, उपयुक्त मानव संसाधन व्यवस्था, क्षमता विकास तालिम, कार्यविधि, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ । त्यसका अतिरिक्त वडाहरूवाट समेत तोकिएका शीर्षकहरूमा आय संकलन गर्न क्षमता विकास गरी आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक रहेको देखिन्छ ।

ख. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले आय परिचालन सम्वन्धी नीति तथा मूख्य आय शीर्षकहरूवाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी ब्यवस्था, अनुगमन जस्ता विषवस्तुपर्दछन्।

ग. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले हालको कानूनी ब्यवस्था अनुसार राजस्व संकलनकोलागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई तिर्नुपर्ने कर रकम सम्वन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा पनि प्रचार प्रशार गर्नु पर्दछ ।

घ. तथ्याङ्कमा आधारित अभिलेख

आन्तरिक आयको अधिकतम परिचालनकालागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित ब्यक्तीगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेख विना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली ब्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

ङ. समन्वय संयन्त्र

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसंग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई स्थापना गर्नु पर्दछ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट ब्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व वाँडफाँड सम्वन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसंग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाईएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संबाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रयासहरू हुन सक्दछन्।

परिच्छेद – पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिईएको छ ।

५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक कार्यशाला संचालन गरिएको थियो । गाउँपालिकाको आयोजना र परामर्शदातृ निकायको सहजीकरणमा सम्पन्न उक्त कार्यशालामा गाउँ प्रमुख, उपप्रमुख लगायत कार्यपालिका सदस्यहरू, गाउँपालिका तथा वडाका कर्मचारीहरू, प्रमुख राजनैतिक दलका प्रतिनिधिहरू लगायतका व्यक्तिहरूको सहभागीता रहेको थियो । कार्यशालामा सहभागीहरू तीनवटा समुहमा वसी समूह अभ्यास गरी राजस्व सुधारको मस्यौदा कार्ययोजना तयार तथा प्रस्तुत गर्नु भएको थियो । परामर्शदाताद्वारा संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको तल उल्लेखित मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा निम्न तीन क्षेत्रमा विभाजन गरिएको छ :

क. राजस्व प्रशासनमा सुधार

ख. कर राजस्व सुधार योजना

ग. गैरकर राजस्व सुधार योजना

क)राजस्व सुधार कार्य योजना

तालिका ११: राजस्व सुधार कार्य योजना

क.स.	सुधारको लागि गर्नुपर्ने कार्यहरू	समयावधि	जिम्मेवारी
१	**कानूनी तथा नीतिगत व्यवस्था**		
	राजस्व परामर्श समितिको मासिक बैठक गरी भूमिकालाई प्रभावकारी बनाउन		राजस्व परामर्श समिति

	आर्थिक ऐन परिमार्जन गरि लागु गर्ने - विशेष गरि दर र दायरा समयानुकुल बनाउने - सवै करहरूमा छुट तथा जरीवानाको ब्यवस्था गर्ने - राजस्व संकलन प्रकृया प्रष्ट गर्ने	२०७९ असार मसान्त सम्म	राजस्व परामर्श समिति, गाउँ सभा
	राजस्व सम्बन्धी स्पष्ट कार्यविधि निर्माण गरी लागूगर्ने		गाउँ कार्यपालिका
२	**संकलन प्रकृयामा सुधार**		
	करका विषयमा जानकारी गराउनकालागि वडाहरूमा करदाता शिक्षा कार्यक्रम संचालन गर्ने	चौमासिक रुपमा	गाउँ कार्यपालिका
	सवै करहरूको तथ्यांक संकलन गरी कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने ।		राजस्व शाखा तथा वडा कार्यालय
	धेरै कर तिर्ने करदातालाई सम्मान गरी पुरस्कृत गर्ने	वार्षिक रुपमा	गाउँसभा
	मुख्य करहरू एकैपटक असुल गर्नेगरी एकद्धार कर संकलन प्रणालिको शुरुवात गर्ने	आगामी आ.व. २०७८/७९ देखी	राजस्व शाखा, वडा कार्यालय तथा गाउँ कार्यपालिका
	वित्तिय संस्थासंग समन्वय गरि बैकिंङ्ग प्रणालीबाटै कर संकलन गर्ने व्यवस्था मिलाउने		
३	**संस्थागत व्यवस्था तथा अन्य**		
	राजस्व शाखामा स्पष्ट दरबन्दी किटान गरि कर्मचारी नियुक्त गर्ने	२०७९ फागुन मसान्त सम्म	प्रमुख प्रशासकिय अधिकृत तथा गाउँ कार्यपालिका
	वडा कार्यालयहरूमा समेत राजस्व प्रशासनकालागि कार्यपालिका कर्मचारीलाई जिम्मेवारी किटान गरि नियमित अनुगमन गर्ने ।		
	जनप्रतिनिधि तथा कर्मचारीहरूकालागि राजस्व सम्बन्धी तालिम तथा अभिमुखीकरण कायर्कम संचालन गर्ने	बर्षमा १ पटक	मुख प्रशासकिय अधिकृत तथा राजस्व शाख
	राजस्व संकलन अवस्थाकोआवधिक अनुगमन तथा मुल्यांकन गर्ने तथा आम्दानी खर्चको विवरण सार्वजनिकरण गर्ने ।	चौमासिक रुपमा	राजस्व परामर्श समिति तथा प्रमुख प्रशासकिय अधिकृत
	गाउँपालिकाको स्वामित्व तथा हक भोगमा रहेका जग्गा तथा भवनहरूको विवरण संकलन गरी प्रमाण सहित	२०७९ असार सम्म	प्राविधिक शाखा

	ब्यवस्थित रुपमा अभिलेख राख्ने तथा सिमाना छुट्याउने		

ख. कर राजस्व सुधार योजना

क.स.	सुधारको लागि गर्नुपर्ने कार्यहरू	समयावधि	जिम्मेवारी
१	सम्पति कर		
	सम्पत्ति कर ब्यवस्था कार्यविधिलाई अद्यावधिक गरी पारित गर्ने ।	२०७९ असार सम्म	राजस्व परामर्श समिति र गाउँ कार्यपालिक
	गाउँवासीको सम्पत्ति सम्बन्धी तथ्यांक संकलन तथा कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने ।	वर्षिक रुपमा निरन्तर	राजस्व शाखा
	मालपोतको न्युनतम मूल्यांकन दरसंग सामन्जस्यता हुने गरी सम्पत्तिको मुल्यांकन पुनरावलोकन गरी यथार्थपरक वनाई करदाताको तिर्न सक्ने क्षमतालाई मध्यनजर गर्दै करको दरलाई पुनरावलोकन गर्ने ।	२०७९ असार मसान्त सम्म	राजस्व परामर्श समिति र गाउँ कार्यपालिक
	सम्पत्तिको विवरणलाई घर बहाल करसंग आवद्ध गरी एकैपटक कर निर्धारण र असुल गर्ने ब्यवस्था गर्ने ।	आ.ब. २०७७/७८ देखि	राजस्व शाखा
	सम्पत्ति कर प्रशासनमा न्क्ष्क :बउउष्लन त्ययकि लाई समेत प्रयोगमा ल्याउने ।	आ.ब. २०७७/७८ देखि	नक्सा शाखा तथा राजस्व शाखा
२	घर जग्गा वहाल कर		
	घरजग्गा वहाल कर असुली व्यवस्थालाई आर्थिक ऐनमा स्पष्ट ब्यवस्था गर्ने ।	२०७८ असारसम्म	
	संरचनाको प्रकार र स्थानको आधारमा न्यूनतम वहाल मूल्य निर्धारण गर्ने ।	२०७९ असार सम्म	
	सम्पत्तिको अभिलेखमा वहालमा भएका घरजग्गाको लगत अद्यावधिक गरी घरजग्गा वहाल कर रकम निर्धारण तथा असुल गर्ने ।		
	घरजग्गा वहाल करको दर पुनरावलोकन गरी आर्थिक ऐनमा समावेश गर्ने ।	२०७९ असारसम्म	
३	व्यवसाय कर		
	व्यवसाय दर्ता तथा नवीकरण सम्वन्धि प्रणालीलाई ब्यवस्थित गर्न व्यवसाय कर ब्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयन ल्याउने ।		

	व्यवसायीका प्रतिनिधिहरूसंग समन्वय गरि व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा व्यवसायको वर्गिकरण गर्ने ।		
	व्यवसाय करको दरलाई वर्गिकरणको आधारमा पुनरावलोकन गरि आर्थिक ऐनमा समावेश गर्ने ।		
	गाउँक्षेत्रमा व्यवसाय संचालनकोलागि गाउँपालिकाको इजाजत लिनुपर्ने ब्यवस्था अनिवार्य गरि व्यापक प्रचार प्रसार गर्ने ।		
	उद्योग वाणिज्य संघ, आन्तरिक राजस्व कार्यालय, घरेलु कार्यालय तथा अन्य मुख्य सरोकारवालासँग गाउँपालिकाले समन्वय र नियमित अन्तरक्रिया गर्ने ।		
	वडावाट समेत व्यवसाय कर संकलन गर्नसक्ने ब्यवस्था गर्ने र राजस्व शाखामा असुली अभिलेख अद्यावधिक गर्ने ।		
	व्यवसायको तथ्यांक/लगत, व्यवसाय करको दर तथा संकलनको अवस्था सम्बन्धी अनुगमन तथा मुल्यांकन गर्ने ।		
४	जडीवुटी, कवाडी र जीबजन्तु कर		
४.१	जडीबुटी तथा कवाडी संकलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने	२०७९ आषाढ मसान्त	राजस्व शाखा राजश्व परामर्श समिति
४.२	जडीबुटी र कवाडी करको दर निर्धारण गरी सो अनुसार ठेक्का वन्दोवस्त गर्ने गन	२०७९ आषाढ मसान्त	गाउँ सभा, कार्यपालिका

ग. गैरकर राजस्व सुधार योजना

क्र.स	सुधारका लागि गर्नु पर्ने कार्यहरु	समयावधि	जम्मेवार
१	ढुंगा, गिट्टी, बालुवा, स्लेट आदिको बिक्री		
१ .१	बिक्री दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गने	२०७९ असार मसान्त	राजस्व परामर्श समिति गाउँसभा
१ .२	प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणमा ठेक्का आव्हान गर्ने । कुनै	२०७९ पौष देखि अर्धवार्षिक रुपमा नियमित	कार्यपालिका र प्रविधिक शाखा

	स्थानमा ठेक्का नलागेमा अमानतबाट संकलन गर्न सकिने व्यवस्थालाई समावेश गरी सो अनुरुप कार्यान्वयन गर्ने ।		
१ .३	ठेक्कामा उल्लेख भएको शर्त नमानेमा हुन सक्ने कारबाही र दण्ड सजायको व्यवस्था आर्थिक ऐनमा उल्लेख गर्ने ।	२०७९ आषाढ मसान्त	राजश्व परामर्श समिति गाउँसभा
१ .४	नेपाल सरकारको "ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" को प्रावधान अनुशार बिक्री तथा अनुगमन गर्ने	नियमित	राजश्व परामर्श समिति कार्यपालिका
२	नक्सा पास दस्तुर		
२.१	घर निर्माण गर्दा नक्सा पास अनुमतिलाई कडाई गर्ने	२०७९ असार मसान्त	कार्यपालिका
२.२	गाउँपालिका भित्र भएका पक्की तथा कच्ची घरहरुको अभिलेखीकरण गर्ने	२०७९ पौषसम्म	कार्यपालिका र प्रविधिक शाखा
२.३	निर्माण भइसकेका घरहरुको अभिलेखीकरण तथा नक्सापास नियमनका लागि घरधनीलाई सूचित गर्ने	२०७९ मंसिर देखि नियमित	गाउँ सभा, गाउँ कार्यपालिका र प्राविधिक शाखा
२.४	नक्सापास कार्यका लागि इन्जिनियर तथा प्राविधिकहरुलाई तालिम प्रदान गर्ने	२०७९ चैत्र मसान्तसम्म	प्रमुख प्रशासकीय अधिकृत
२.५	नक्सापास तथा अभिलेखीकरण गर्नुपर्ने प्रावधान सहित सो प्रक्रियाबारे नागरिकलाई सुचित गर्ने	नियमित	प्राविधिक शाखा वडा कार्यालयहरु
३	बहाल विटौरी शुल्क		
३.१	विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, स्थानीय व्यापारीक फर्म आदिको दर्ता गर्ने कार्यविधि परिमार्जन गर्ने	२०७९ असार मसान्त	गाउँ कार्यपालिका कार्यपालिका
३.२	दर्ता तथा नवीकरण दस्तुरको दर आर्थिक ऐनमा सेवा शुल्क दस्तुरबाट टुक्र्याउने	२०७९ पौष सम्म	राजस्व परामर्श समिति गाउँसभा
क्र.स	सुधारका लागि गर्नु पर्ने कार्यहरु	समयावधि	जम्मेवार
४	दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता		
४.१	गाउँपालिकालाई दीर्घकालीन आय	२०७९ असारा सम्म	गाउँ सभा, गाउँ

	हुन सक्ने सम्भाव्य क्षेत्रहरूको पहिचान गर्ने - मुख्य बजार क्षेत्रमा खानेपानी सञ्चालन अतिथी गृह सञ्चालन - हाट बजार संचालन - पार्किङ्ग स्थल निर्माण आदी		कार्यपालिका
४.२	पहिचान भएका क्षेत्रहरूको सम्भाव्यता अध्ययनका लागि आवश्यक रकम विनियाजन गर्ने ।	२०७९ माघ सम्म	गाउँ कार्यपालिका

घ. राजस्व प्रशासन सुधार योजना

क्र.स	सुधारका लागि गर्नु पर्ने कार्यहरु	समयावधि	जम्मेवार
१	कानुनी तथा नीतिगत व्यवस्था		
१ .१	आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने (हालको राजस्व अधिकारका सम्भाव्य शिर्षकहरु अनुसार शिर्षक हेरफेर गर्ने (व्यवहारिक नदेखिएका, लागु नहुने तथा संघीय कानुनसँग बाझिने प्रावधानहरुलाई हटाउने । (राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने ।	२०७९ असार मसान्त	राजस्व परामर्श समिति, गाउँ सभा
१ .२	राजस्व नीति सामर्थ्यमा आधारित तथा तबह(दभलभाष्त उचष्लअष्उभि मा आधारित बनाउने	२०७९ कार्तिक मसान्त	गाउँ कार्यपालिका
२	सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था)		
२.१	राजस्व उपशाखा लाई शाखाको रुपमा स्थापना गर्ने	२०७९ चैत्रसम्म	कार्यपालिका
२.२	राजस्व शाखाका लागि थप कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने	२०७९ चैत्रसम्म	प्रमुख प्रशासकीय अधिकृत
२.३	राजस्व सफ्टवेयर सम्बन्धी तालिमको	२०७९ बैशाखसम्म	प्रमुख प्रशासकीय

	व्यवस्था गन		अधिकृत
२.४	विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षक अन्तर्गत आम्दानी बाँध्ने	२०७९ असार मसान्त	प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा
३	करदाता लक्षित कार्यक्रम तथा पारदर्शिता		
३.१	विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरु प्रचार प्रसार गर्ने	२०७९ मंसिरदेखि निरन्तर	राजस्व परामर्श समिति र वडा कार्यालय
३.२	चौमासिक रुपमा खर्चसँगै आन्तरिक आय संकलनको विवरण सार्वजनिक गन	चौमासिक	आर्थिक प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत
४	राजस्व सुधार कार्ययोजना कार्यान्वयन		
४.१	यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्ने	२०७९ साउन देखि निरन्तर	प्रमुख प्रशासकीय अधिकृत
४.२	कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने	२०७७ माघ मसान्त	कार्यपालिका गाउँ सभा

परिच्छेद – छ : आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगमी तीन आर्थिक वर्षहरूका लागि गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ । गाउँपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयनपश्चात् आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यस प्रक्षेपणले गाउँपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ ।

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०७८।७९ देखि २०८०।८१) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरि केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ ।

तालिका १२: राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

क्र. स.	आय शीर्षक	यथार्थ आय	प्रक्षेपण			
		२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।०८२
क	आन्तरिक आय					
	मालपोत तथा भूमिकर	१७,००,०००.००	१९,५५,०००	२१,५०,५००.००	२३,६५,५५०.००	२६०२१०५
	घरवहाल कर	०.००				
	ब्हाल विटौरी	५,००,०००.००	५७५,०००.००	६,३२,५००.००	६,९५,७५०.००	७६५३२५

	कर (हाट बजार कर)					
	व्यवसाय रजिष्ट्रेशन कर	२०,००,०००.००	२३,००,०००.००	२५,३०,०००.००	२७,८३,०००.००	३०६१३००
	सम्पति कर	२०,००,०००.००	२३,००,०००.००	२५,३०,०००.००	२७,८३,०००.००	३०६१३००
	अन्य कर	५,००,०००.००	५७५०००.००	६,३२,५००.००	६,९५,७५०.००	७६५३२५
	अन्य सेवा शुल्क तथा बिक्री	५,००,०००.००	५७५०००.००	६,३२,५००.००	६,९५,७५०.००	७६५३२५
	अन्य प्रशासनिक सेवा शुल्क	०.००				
	सार्वजनिक सुविधा उपयोग सेवा शुल्क	६०,००,०००.००	६९,००,०००.००	७५,९०,०००.००	८३,४९,०००.००	९१८३९००
	दर्ता तथा नवीकरण दस्तुर	२०,००,०००.००	२३,००,०००.००	२५,३०,०००.००	२७,८३,०००.००	३०६१३००
	नक्सापास दस्तुर	१५,००,०००.००	१७,२५,०००.००	१८,९७,५००.००	२०,८७,२५०.००	२२९५९७५
	सिफारिस तथा बक्सौनी दस्तुर	२५,००,०००.००	३०,००,०००.००	३३,००,०००.००	३६,३०,०००.००	३९९३०००
	नाता प्रमाणित दस्तुर	१५,००,०००.००	१७२५०००.००	१८,९७,५००.००	२०,८७,२५०.००	२२९५९७५
	अन्य दस्तुर					

	दण्ड जरिवाना	८,००,०००.००	९,२०,०००.००	१०,१२,०००.००	११,१३,२००.००	१२२४५२०
	वन पैदावार बाट प्राप्त रकम	०.००				
	अन्य विविध आय	१०,०००.००	११,५००.००	१२,६५०.००	१३,९१५.००	१५३०६.५
	आ.ल्या	७८६२५५००.००	८६४८८०५०.००	९५१३६८५५.००	१०४६५०५४०.५०	११५११५५९४
	जिसस बाट प्राप्त	२०,००,०००.००	२२,००,०००.००	२४,२०,०००.००	२६,६२,०००.००	२९२८२००
	जम्मा	**११८,३३५,५००.००**	**१३०,१६९,०५०.००**	**१४३,१८५,९५५.००**	**१५७५०४५५०.००**	**१७३२५५००५**
ख	**संघिय सरकार**					
	समानिकरण अनुदान	१,१३,९००,०००.००	१२,५२,९०,०००.००	१३७८१९०००.००	१५,१६,००,९००.००	१६६७६०९९०
	ससर्त अनुदान	१९८,९४१,८१०.००	२१,८८,३५,९९१.००	२४०७१९५९०.००	२६४७९१५४९.००	२९१२७०७०३.९
	केन्द्र सरकारबाट प्राप्त राजस्व बाँडफाँड	८७,३९७,०००.००	९,६१,३६,७००.००	१०५७५०३७०.००	११६३२५४०७.००	१२७९५७९४७.७
	समपुरक अनुदान	७,५००,०००.००	८२,५०,०००.००	९०,७५,०००.००	९९८२५००.००	१०९८०७५०
	जम्मा	**४०७,७३८,८१०**	**४४,८५,१२,६९१**	**४९,३३,६३,९६०.००**	**५४,२७,००,३५६.००**	**५९६९७०३९१**
ग	**प्रदेश सरकार**					
	राजश्व बाँडफाड प्राप्त	५२१३०००.००	५७३४३००.००	६३,०७७३०.००	६९,३८,५०३.००	७६३२३५३

	सवारी साधन शुल्क					
	मालपोत रजिष्ट्रेशन बापत	८,१२४,५००.००	८९३६९५०.००	९८३०६४५	१०८१३७०९.५०	११८९५०७९.९
	प्रदेश सरकारबाट प्राप्त विशेष तथा समपुरक अनुदान	१०,०००,०००.००	११०००००००.००	१२१००००००.००	१३३१००००००.००	१४६४१०००
	प्रदेश सरकार वित्तिय समानिकरण अनुदान	७,२०३,०००.००	७९२३३००.००	८७१५६३०.००	९५८७१९३.००	१०५४५९१२.३
	दहत्तर बहत्तर स्थानीय राजश्व बाँडफाड	८,०००,०००.००	८८,००,०००.००	९६८००००.००	१०६४८०००.००	११७१२८००
	दहत्तर बहत्तर स्थानीय प्रदेश राजश्व बाँडफाड	१२५,५३४,०००.००	१३८०८७४००.००	१५१८९६१४०.००	१६७०८५७५४.००	१८३७९४३२९
	प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान	२,४००,०००.०००	२६४००००.००	२९०४०००.००	३१९४४००.००	३५१३८४०
	जम्मा	**१६६,४७४,५००.००**	**१८३,१२१,९५०.००**	**२०१४३४१४५.००**	**२२१५७७५६०.००**	**२४३७३५३१६**
	कुल जम्मा	**६९२,५४८,८१०.००**	**७६१८०३६९१.००**	**८३७९८४०६०१.००**	**९२१७८२४६६.००**	**१०१३९६०७१३**

परिच्छेद – सातः निश्कर्ष तथा सुझाव

७.१ निश्कर्ष तथा सुझाव

सारांशमा राजस्व सुधार कार्ययोजनाको पूर्ण कार्यान्वयन पश्चात् गाउँपालिकाको आय संरचनालाई तलको तालिकामा दिईएको छ । राजस्व बाँडफांडको प्रक्षेपण गर्दा हाल बाँडफाँड निश्चित भएका स्रोतहरुको मात्र प्रक्षेपण गरिएको छ । यो प्रक्षेपण तयार गर्दासम्म प्रदेश सरकार र स्थानीय सरकार वीच राजस्व बाँडफाँड हुने सवारी करको मात्र आधार प्राप्त भएकोले सोही आधारमा समावेश गरिएको छ भने अन्य नयाँ स्रोतहरुको आधार तयार नभएकोले त्यसलाई समावेश गरिएकोछैन । त्यसैगरी केन्द्रवाट प्राप्त हुने राजस्व बाँडफाँडको रकमको स्रोत स्पष्ट नभएकोले मूल्य अभिबृद्धि कर र अन्तशुल्क तर्फ मात्र समावेश गरिएको छ ।

तालिका १३:प्रक्षेपित आय

क्र. स.	**राजस्व शीर्षक**	**यथार्थ**	**प्रस्तावित**	**प्रक्षेपित आय**		
		०७७।७८	**०७८।७९**	**०७९।८०**	**०८०।८१**	०८१।८२
	आन्तरिक आय	११८,३३५,५००	१३०,१६९,०५०	१४३,१८५,९५५	१५७५०४५५०	**१७३२५५००५**
	संघीय राजस्व बाँडपाँडबाट प्राप्त आय	४०७,७३८,८१०	४४,८५,१२,६९१	४९,३३,६३,९६०	५४,२७,००,३५६	**५९६९७०३९१**
	प्रदेश राजस्व बाँडप	१६६,४७४,५००	१८३,१२१,९५०	२०१४३४१४५	२२१५७७५६०	**२४३७३५३१६**

	काँडवाट प्राप्त आय					
	अनुदान	-	-	-	-	-
	दायित्व	-	-	-	-	-
	जनसहभागिता	-	-	-	-	-
	कुल आय	**६९२,५४८,८१०.००**	**७६१८०३६९१**	**८३७९८४०६०१.००**	**९२१७८२४६६.००**	**१०१३९६०७१३.००**

प्रस्तुत विवरणले गाउँपालिकाको आन्तरिक आय आगामी आर्थिक वर्ष २०७८।७९ मा आल्या हुने रकम सहित १३ करोड १ लाख ६९ हजार ५० रुपैया हुने अनुमान गरिएको छ, जुन कुल आयको १७ प्रतिशत हुन आँउछ । यो रकम संकलन गर्न पनि गाउँपालिकाले बर्तमान संरचना तथा ब्यवस्थापन प्रणालीमा ठुलै परिवर्तन गर्न आवश्यक देखिन्छ । गाउँपालिकाले यस तर्फ निम्न कदम चाल्नु पर्ने देखिन्छ :

- आय संकलनकोलागि आवश्यक ऐन तथा कार्यविधिको तयारी
- आर्थिक ऐनमा कर तथा शुल्कका दर निर्धारण वा परिमार्जन तथा जरिवाना निर्धारण
- राजस्व परामर्श समितिकोपरिचालन
- राजस्व शाखाको क्षमता विकास
- सम्पत्ति करको मूल्यांकन तथा करको दरमा परिमार्जन
- घरजग्गा वहाल करको वहाल मूल्य निर्धारण र सम्पत्ति करसंग आवद्ध
- प्राकृतिक तथा खानी जन्य वस्तुको विक्रीको दर निर्धारण
- ब्यवसाय तथा सवारी दर्ता तथा नविकरणको ब्यवस्था

गाउँपालिकालाई प्राप्त राजस्व अधिकारहरु मध्ये कतिपय अधिकारहरु विगतको तुलनामा निकै फरक भएकाले गाउँपालिकाको राजस्व ब्यवस्थापनलाई त्यस अनुरुप सुधार गर्नुपर्ने देखिन्छ । राजस्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुलाई पनि प्राथमिकिकरण गरी कार्यान्वयन गर्नु उचित हुन्छ ।

७.२ कार्ययोजनाको अनुगमन तथा मूल्यांकन स्थानीय सरकार संचालन ऐनको ब्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिलाई फाल्गुण महिना भित्र आगामी ३ आर्थिक बर्षको आय अनुमान गर्ने कार्यमा यो राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । त्यसैले हरेक आर्थिक बर्षको फाल्गुण महिना सम्ममा राजस्व सुधार कार्ययोजना तयार गरी सम्बन्धित समितिलाई उपलब्ध गराएमा समितिबाट गरिने निर्णयहरुको लागि आवश्यक आधार हुनेछ । राजस्व सुधारका नीति, कृयाकलापहरु तथा वजेट अनुमान पश्चात राजस्व सुधार कार्ययोजना अनुसारका कृयाकलापहरु संचालन भए नभएको तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्वन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक बर्षको आय प्रक्षेपणकोलागि त्यस अवधि सम्मको कृयाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक बर्ष सम्पन्न भएपछि सो आर्थिक बर्षकोलागि तय गरिएका कृयाकलापहरु तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ । यो राजस्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनको लागि निम्न चार तहको अनुगमन तथा मूल्यांकन ब्यवस्था सिफारिश गरिएको छ ।

(क) कार्यालय स्तरको अनुगमनः

यो स्तरको अनुगमन तथा मूल्यांकनकोलागि प्रमुख प्रशासकिय अधिकृत, राजस्व शाखा तथा अन्य सम्वन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार वनाउनु पर्दछ । स्थानीय तहले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

(ख) राजस्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकनः

राजस्व परामर्श समितिले चौमासिक रुपमा राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षकोलागि आयको अनुमान गर्ने कार्य पूर्व भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारकोलागि कृयाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ति पश्चात राजस्व सुधार योजनाको समीक्षा गरिन्छ ।

(ग) कार्यपालिकाबाट अनुगमन तथा मूल्यांकनः कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिले प्रस्तुत गरेका सुझावहरूलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजस्व सुधार योजना तथा आय असुली अवस्थाको समीक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक भएमा निर्णय गरिन्छ ।

(घ) बाह्य अनुगमन तथा मूल्यांकनः राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्न चाहने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरू आदिले अनुगमनका लागि सहयोग प्रदान गर्न सक्नेछन्। यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय सरकारको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजस्व प्रशासनसँग सम्बन्धित तथ्यांक बाहेक योजना कार्यान्वयन

प्रक्रियाको अनुगमन तथा करदाताहरूको अनुभूति संकलन पनि अनुगमनको मुख्य विधि हुन सक्नेछ ।

अनुसूचीहरू

अनुसूची १ : सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- नेपाल सरकारको वजेट वक्तब्य, २०७७।७८
- नेपाल सरकारको आर्थिक ऐन, २०७५
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी ब्यवस्था, २०७४
- एकीकृत आर्थिक संकेत तथा वगीकरण र व्याख्या, २०७४
- एकीकृत सम्पत्ति कर ब्यवस्थापन कार्यविधि, २०७४
- स्थानीय तहको आर्थिक ऐनको नमूना, २०७४
- प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठिन कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको
- केराबारी गाउँपालिकाको आर्थिक ऐन २०७४।७५
- केराबारी गाउँपालिकाको विभिन्न आर्थिक वर्षहरूको गाउँ विकास योजना, बजेट तथा कार्यक्रमहरू
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरू

अनुसूची २ :

तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सूची

केराबारी गाउँपालिकाका, मोरङ्ग

राजस्व सुधार कार्ययोजना तर्जुमा

तथ्यांक संकलन सूची

गाउँपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्था:

संक्षिप्त परिचय : नामकरण,

घरधुरी तथा जनसंख्या

क्षेत्रफल तथा वडा विभाजन

प्रशिद्ध स्थलहरू

मुख्य पूर्वाधारको अवस्था सडक, बाटो, पुल

बिजुली

खानेपानी तथा सिंचाई

सावर्जनिक भवन तथा पूर्वाधारहरू

फोहरमैला व्यवस्थापन (फोहरको परिमाण र व्यवस्थापनको अवस्था)

आर्थिक अवस्था उद्योग, व्यवसाय तथा कलकारखाना

क्र. सं.	**पद**	**स्वीकृत दरवंदी**	**पदपुर्ति**	
			स्थायी	**करार**

भौतिक सुविधाहरू कार्यालयका भवनहरू

सवारी साधन

फर्निचर, कम्प्युटर, प्रिन्टर

राजस्व शाखा तथा राजस्व प्रशासन राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

क्र.सं.	**नाम**	**पद**	**जिम्मेवारी**

कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता

फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरू

राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सफ्टवेयर र त्यसको प्रयोग

कप्यूटर विलिङ्ग प्रणालीको प्रयोग,

गाउँपालिकाको आय (आन्तरिक तथा वाह्य) सम्बन्धी विवरण:
विगत तीन आर्थिक वर्षहरू (२०७२/७३, ०७३/७४ र ०७४/७५) को यथार्थ आयविवरण

चालु आर्थिक वर्षको (२०७५/७६) को अनुमानीत/बजेट विवरण र कार्तिक मसान्त सम्मको यथार्थ

चालु आर्थिक वर्षका लागि गाउँ सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरू

अन्य दस्तावेज तथा सूचनाहरू
निर्वाचित पदाधिकारीहरूको विवरण

गाउँ सभाले पारित गरेको आर्थिक ऐन

राजस्वसंग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरू

गाउँपालिकाको बस्तुस्थिति विवरण (Profile)

राजस्व परिचालनकालागि भएका प्रभावकारी प्रयासहरू